# परिच्छेद एक

# परिचय

सामुदायिक विद्यालयको व्यवस्थापनमा वित्तीय स्रोत परिचालनलेनै सवौपरी स्थान लिएको वास्तविकतालाई आत्मसाथ गर्दै यस अनुसन्धानको परिचय खण्डमा अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अनुसन्धानात्मक प्रश्न र अध्ययनको परिसिमाहरुलाई समावेश गरिएको छ । यथार्थमा परिचय ले अध्ययनको मूल समस्या र महत्वलाई स्पष्ट पार्ने भएकाले परिचय खण्डलाई अनुसन्धान प्रतिवेदनको महत्वपूर्ण अंशको रुपमा लिईन्छ । परिचय अन्तर्गत समावेश गरिने मुख्य विषयहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## १.१. अध्ययनको पृष्ठभुमी

शर्मा (२०५७) का अनुसार शिक्षाको विकास एउटा गतिशिल प्रक्रिया हो । मानवले जन्म देखी मृत्यु पर्यन्त जानीनजानी औपचारीक, अनौपकारी र अनियमित शिक्षा हासिल गरेको हुन्छ । माानव विकासको इतिहासलाई केलाएर हेर्दा परापूर्वकालदेखी मानिसहरुले आफुले जानेका ज्ञान, सिप, व्यवहार र सामाजिक मुल्यमान्यतालाई आफ्ना सन्ततीहरु मार्फत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आएको पाइन्छ । समाजमा प्रचलित रीतिरिवाज, चालचलन, जीवनको आर्दश धार्मिक तथा सामाजिक मान्यता व्यवसाय र घर गृहस्थी सम्बन्धि शिक्षा गुरुकुल वा गुरुको घरमा नै दिइन्थ्यो । शिक्षण केन्द्रको व्यवस्थापन, सञ्चालन र प्रशासन गुरुहरुबाट हुन्थ्यो ।

गौतम (२०६०) का अनुसार प्राचिन संस्कृत र वौद्ध शिक्षाको परम्परामा संस्थागत नयाँ शिक्षाको जग बसाल्ने काम वि.स १९१० मा अंग्रेजी स्कुल स्थापना गरी जंगबहादुरले गरेका थिए । यस वेल परम्परादेखी चलिआएका शैक्षिक संस्थाहरु आर्थिक अवस्था राम्रो नभएकोले सन्तोषजनक रुपमा चल्न सकेका थिएनन् २००७ सालमा प्रजातन्त्रको स्थापना पश्चात मेची देखी महाकाली र हिमाल बाट तराई सम्म देशभरी शिक्षा विस्तारको आवश्यकतालाई महसुस गरी जनस्तरबाट विद्यालयहरु खोल्ने काम तिव्र भयो । त्यस पछि राष्ट्रिय स्तरका आयोग कमिसन, शिक्षा बोर्ड,

योजना आयोगका प्रतिवेदनहरु प्रकाशित हुन थाले साथै अनौपचारीक संघसंस्थाका साथै औपचारीक शिक्षण संघ संस्थाहरुको विकास हुन थाल्यो ।

पौडेल (२०६४) का अनुसार शिक्षण संघ संस्थालाई कुशलतापूर्वक सञ्चालन गर्नको लागि मानव सभ्यताको थालनी विकास र विस्तार सँगै व्यवस्थापनको पनि समयसापेक्ष विस्तार हुदै आएको पाइन्छ । मानव सभ्यताको विकास सँग सँगै मानव समाज जटिल बन्दै गयो भने शिक्षाको आवश्यकता र महत्वपनि बढ्दै गयो । यसका लागि विभिन्न शैक्षिक संस्थाहरुको स्थापना भयो भने ती शैक्षिक संस्थाहरु संचालनको लागि व्यवस्थापन पक्षको आवश्यकता महशुस हुन थाल्यो । शिक्षा र व्यवस्थापनको पक्षलाई तुलना गरेर हेर्ने हो भने पनि परापूर्वकालमा व्यवस्थापनका सिद्धान्तबाट संघ संस्थाहरुले प्राप्त गरेको सफलतालाई मध्यनजर गरेर नै आधुनिक कालमा पनि त्यसको वैज्ञानिक पक्षलाई कार्यान्वयनमा ल्याइएको पाइन्छ । आधुनिकालमा प्रत्युत्पादन भएका सिद्धान्तहरुले नै प्रशासनिक कार्य सञ्चालनमा सहजता ल्याएको देखिन्छ ।

गौतम (२०६०) का अनुसार सामुहिक एवं सुनिश्चित उद्देश्य प्राप्तिका लागि व्यक्ति वा सामुहिकरणमा काम गर्ने अनुकुल वातावरण सिर्जना गर्नुनै व्यवस्थापन हो । संस्थागत सामुहिक भावनाको विकास गरी लक्ष्य प्राप्तितर्फ सबैलाई डोहोऱ्याउने वातावरण तयार पार्न निश्चित अनुशासनको आवश्यकता पर्छ । विद्यालयमा मौजुदा समिति एवं उपलल्ध स्रोत र साधनको सही परिचालन गरी अधिकम उपलब्धि हासिल गर्न सक्नु नै विद्यालय व्यवस्थापन हो । विद्यालय व्यवस्थापन प्रकृयामा मुख्यतय : योजना, संगठन, निर्देशन र नियन्त्रण गरी चार वटा कार्यक्रमहरु पर्दछन् । विद्यालयको मौजुदा परिस्थितिको सही आंकलन गर्नु योजना हो, के गर्ने, कहिले गर्ने र कसरी गर्ने भन्ने कुराको निर्णय गर्न, उद्देश्य निमार्ण र उच्चतम उपलब्धिको लागि कार्यशैलि निर्माण गर्न योजनाको आवश्यकता पर्दछ । योजना अनुसार कार्य गर्न आवश्यक सुविधा, सामग्री, जनशक्तिको व्यवस्था, जनशक्ति छनोट, तालिमको व्यवस्था र अन्य आवश्यक स्रोतको प्राप्तिको लागि संगठनको आवश्यकता पर्दछ । योजना अनुसार समय र खर्चको विस्तृतिकरण, विशेष निर्देशन र कार्यान्वयनको लागि निर्देशनको आवश्यकता पर्दछ । योजना अनुसार कार्यान्वयनको मुल्याङ्कन, उपलब्धिको मूल्याङ्कन, सुधारको उपायहरुको पहिचान र

कार्यान्वयन गर्न नियन्त्रणको आवश्यकता पर्दछ । विद्यालय व्यवस्थापन सक्षम र प्रभावकारी हुनसके मात्र विद्यालयको समग्र शैक्षिक तथा सुधार कार्यहरु सम्पन्न हुन सक्छन् ।

कोइराला (२०५९) का अनुसार उपलब्ध साधन र स्रोतलाई संघ संस्थाको लक्ष्य तथा उद्देश्यअनुरुप अधिकतम् उपलब्धि हुने गरी प्रयोग र परिचालन गर्नु नै व्यवस्थापन हो गतिशिलता, परिवर्तनशीलता, निरन्तरता, निर्देशन जस्ता पक्षले व्यवस्थापनलाई प्रभाव पारीरहन्छ । यसरी समग्र विद्यालय व्यवस्थाप, भित्र शैक्षिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, भौतिक व्यवस्थापन, मावन संसोधन व्यवस्थापन आदी विषयवस्तुहरु समावेश भएका हुनछ्न । विद्यालय व्यवस्थापन भित्र यी विभिन्न विषय वस्तुहरु समावेश भएतापनि यस अध्ययनमा वित्तीय स्रोत परिचालनको पक्षलाई समेट्ने प्रयास गरिने छ । कुनै पनि संस्थाको मेरुदण्डको रुपमा आर्थिक स्रोतलाई लिइन्छ । आर्थिक स्रोतको अभावमा चाहे जस्तो शैक्षिक एवं भौतिक पूर्वाधारको सुधार गर्न सकिदैन । विद्यालयको समग्र पक्षको प्रभावकारी ढङ्गले सञ्चालन र कार्यान्वयन गर्नको लागि वित्तीय स्रोत परिचालन प्रभावकारी रुपमा हुनु  पर्दछ । विद्यालयको भवन निमार्ण, फनिर्चर, पुस्तक खरीद, शिक्षकलाई तलब, विद्यार्थीलाई छात्रावृत्ति, सबैतिर वित्त चाहिन्छ । सामुदायिक विद्यालयको प्रमुख आयस्रोत सरकारी अनुदान नै भएको पाइन्छ । विद्यालय व्यवस्थापन गर्न विस्तृत विवरण सहित व्यक्त गरिने पूर्व योजना बजेट हो र यसमा नै सम्पूर्ण क्रियाकलापको सफलता भर पर्दछ ।

कोईराला  र श्रेष्ठ (२०५९) का अनुसार कुनै पनि संस्थाहरुको उद्देश्य प्राप्ति तथा सर्वाङ्गीण विकासको लागि व्यवस्थापन समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ, व्यवस्थापन भन्नाले निर्धारित उद्देश्यहरु प्राप्तिका लागि योजनाबद्ध रुपमा काम गर्ने एक कला हो । व्यवस्थापन ऐतिहासिक पृष्ठभूमि अनुसार व्यवस्थापनलाई कुनै पनि संघसंस्थाको मेरुदण्डको रुपमा लिइन्छ । जसको माध्यमबाट संघ संस्थाले निर्धारित लक्ष्य सफलताका साथ पूरा गर्न सक्छ । इतिहासको कुरा गर्दा प्राचिन रोम, इजिप्टको विकासमा, अलेक्जेण्डरको सैनिक प्रशासनमा, सुमेरियन सभ्यताको इतिहासमा र चीनको इतिहासमा समेत व्यवस्थापन प्रक्रियाको प्रयोग भएको पाइन्छ । प्लेटो (३५० वी.सी) र सुकरात (४००.वी.सी) जस्ता दार्शनिकले कार्य विशिष्टीकरण र व्यवस्थापनको प्रक्रिया उल्लेख गरेका थिए । त्यसै गरी अठारौ शताब्दीदेखी अध्ययन कार्यमा आएको व्यवस्थापन आधुनिक कालमा आएर विभिन्न सिद्धान्तहरुमा वैज्ञानिक व्यवस्थापन सिद्धान्त, व्यवस्थापनको प्रशासनिक सिद्धान्त, कर्मचारी व्यवस्थापन सिद्धान्त, मानव सम्बन्ध

सिद्धान्त, व्यवहारवादी सिद्धान्त, व्यवस्थापन विज्ञान सिद्धान्त, कार्यकुशल व्यवस्थापन सिद्धान्त आदिलाई लिन सकिन्छ । भने व्यवस्थापनको पिताको रुपमा F.W Tyler (१८५६-१९१७) लाई मानिन्छ । संगठनमा कार्यरत व्यक्तिसँग मिलेर कार्य गरि सन्तोषजनक सफलता प्राप्त गर्ने कला व्यवस्थापन भएकोले प्रशासक, शिक्षक वा संस्था प्रमुखले आफ्नो कामको लागि धेरै व्यक्तिहरुबाट सहकारिता, सहभागिता र संलग्नता प्राप्त गर्न सक्नुपर्छ । व्यवस्थापन एउटा सामाजिक प्रकृया भएकोले यसबाट निर्धारीत लक्ष्य प्रभावपूर्ण तरिकाले प्राप्त गर्न सक्नुपर्छ । मानव संगठनको संगठनात्मक कार्य सम्पादनलाई बढी भन्दा बढी प्रभावकारी बनाउन व्यवस्थापनको भूमिका महत्वपूर्ण हुन्छ । व्यवस्थापन एक यस्तो वातावरण तयार गर्ने कला हो जसमा व्यक्तिले अलग-अलग कार्य  गर्न पनि सक्छ र समुहको लक्ष्य प्राप्त गर्नको लागि पनि सहयोग गर्दछ ।

खनाल र आचार्य (२०६३) का अनुसार, शिक्षामा आवश्यक आम्दानीका स्रोतहरु जुटाउने विधि र त्यसको प्रभावकारी खर्चको बाँडफाँड समेटिएको शास्त्रलाई शिक्षाको वित्तीय अर्थशास्त्र भनिन्छ । उपभोक्ता समाजमा शिक्षा र अर्थ बीच सोझो सम्बन्ध हुन्छ । यो सम्बन्ध एकातिर लागानीको तहमा हुन्छ भने अर्कोतिर परिणामको तहमा हुन्छ । यसैले शिक्षामा के-कति खर्च गर्ने, किन खर्च गर्ने,कुल राष्ट्रिय उत्पादन बाट शिक्षामा लगानी गर्दा राष्ट्रिय अर्थतनत्रमा के प्रभाव पर्दछ, शिक्षा वा विद्यालयमा गरेको लगानीले विद्यालय तथा समाजमा कस्तो प्रभाव पारिरहेको छ, उक्त लगानीले के प्रतिफल दियो, खर्च गरे अनुरुप प्रतिफल भयो या भएन भन्ने यावत प्रश्नहरु विद्यालयको वित्तीय अर्थशास्त्रका छलफलका विषयवस्तु हुन् ।

विद्यालयको वित्तीय अर्थशास्त्रमा प्रभाव पार्नसक्ने थुप्रै अवस्थाहरु मध्ये समाजमा अपेक्षित परिर्वतन र शैक्षिक कार्यक्रममा अपेक्षित परिर्वतन चाँहि प्रमुख हनु (Johns and Morphet, 1975) । यी दुबै परिवेशलाई मनन् गर्दा पहिलोमा कसका निम्ति कसरी र कति शिक्षा दिने भन्ने निर्णयले गर्दछ तर ती निर्णयहरु समाज तथा समुदायअनुसार भिन्न भिन्न स्वरुपका हुन सक्दछन् । दोस्रो विद्यालयमा लगानीको निम्ति कुनै आधार तयार पार्ने र सो अनुरुप बजेट व्यवस्था गर्न सकिन्छ तर निर्णय लिँदा विद्यालयको क्षेत्रको सामाजिक, राजनीतिक तथा साँस्कृति चालचलनलाई पनि ध्यानमा राख्नुपर्दछ ।

खनाल र आचार्य (२०६३) का अनुसार नेपालको शैक्षिक लगानीको इतिहास हेर्दा गुरुकुलीन शिक्षामा लगानीकर्ता घर परिवार थियो । सिधा दिने परम्परा थियो । त्यही सिधाले गुरु पालिन्थे । अर्को परम्परा विद्यार्थी स्वंयमले भिक्षा दान गरेर आर्जन गर्ने थियो, गुठी अर्को परम्परा हो । यी परम्परासँगै अन्य परम्परा पनि आए । जमिनबाट आर्जन गरेर शिक्षक पाल्ने परम्परा, हुने खानेले शिक्षक पाल्ने परम्परा, समुहमा मिलेर शिक्षकको तलब दिने परम्परा, राष्ट्रकै ढुकुटी पनि यदाकदा शिक्षामा लगानी गरेको देखिन्छ तर आधुनिक शिक्षाले भने राज्यको ढुकुटीबाट विद्यालयलाई अनुदान दिने परम्परा ल्यायो ।

शर्मा (२०५७) का अनुसार वि.स १९३४ साल श्रावण १ गते देखी कम्पनी रु २०० का दरले तलब खाने गरी दरबार स्कुलमा हेडमास्टरको नियुक्ति गरिएको थियो । त्यसैगरी वि.स १९३४ साल आश्विन २१ गतेदेखी असिस्टेन्ट हेडमास्टरलाई सालको रु २४६० र दर्शन भेट रु ३४ पाउने गरी नियुक्ति गरेको देखिन्छ । वि.स १९८६ सालताका योग्यता अनुसार शिक्षकहरुको वार्षिक तलब तोकिएको थियो । त्यतिबेला एम.ए.लाई रु १२००, वि.ए लाई रु १,०००, आई.ए लाई ९०० र म्याट्रिकलाई रु ६०० तोकिएको थियो । यस भन्दा अघि १९८४ मा बारा जिल्लाको भवानीपुरमा तीनजना अस्थायी शिक्षकको दरबन्दी सहित श्री ३ चन्द्र मिडल स्कुल स्थापना भयो । यस विद्यालयको प्रधानाध्यापकलाई मासिक कम्पनी रु २०, दुई शिक्षकलाई प्रतिव्यक्ति कम्पनी रु १५ र पियन तथा भान्छे लाई रु ७ का दरले तलब दिएको थियो । यसरी श्री ३ चन्द्रशमशेरले दरबन्दि समेत स्कुल स्वीकृत गरिदिएका थिए ।

वि.स २००७ सालको परिवर्तनले शिक्षालाई प्रजातन्त्रको मूल सिद्धान्त भनी स्वीकार गऱ्यो । परिमाण स्वरुप वि.स २००९ सालमा सरदार रुद्रराज पाण्डेको सभापतित्वमा शिक्षा समितिको गठन भयो । यस समितिको प्रतिवेदनमा उल्लेख भए अनुसार विद्यालयहरुका निमित्त अनेकौ आर्थिक स्रोत जुटाइएको थियो । केन्द्रिय सरकारले विद्यालय विकासका लागि सामान्य आम्दानिबाट २००९-१० सालको निम्ति लगभग १८ लाख रुपैया (२,२५,००० डलर) छुट्टयाएको थियो । सरकारी अंग्रेजी विद्यालयका लागि २ लाख, आधार पाठशालाका लागि ३ लाख, सरकारी भाषा संस्कृत पाठशालाका लागि ४ लाख, महाविद्यालहरुका २ लाख सहायता र दानका लागि रु २ लाख, सरसामानका लागि रु २ लाख र प्रबन्धकिय खर्चका लागि रु २ लाख । यसरी २००९-

१० साल तिर रु ३६, ५०,००० ।- (४,५५,००० डलर) सोभ्कै पाठशाला, विद्यालय र महाविद्यालयहरुमा सरकारी खर्च भएको देखिन्छ ।

शिक्षा सम्बन्धि उच्चस्तरीय कार्य समितिको प्रतिवेदन (२०५८) ले पनि शिक्षाको वित्तीय प्रणालिमा सुधार गर्न प्राथमिक तहको सामुदायिक विद्यालय सञ्चालनको दायित्व श्री ५ को सरकारले लिने र प्राथमिक विद्यालय उमेरको जनसंख्या ३० लाख पुगेको सन्दर्भमा सबैलाई निःशुल्क र स्तरीय शिक्षा दिन प्रति विद्यार्थी ३० अमेरिकि डलरका दरले वार्षिक अनुमानित रु ६ अर्ब ७५ करोड सरकारले विनियोजन गर्ने । निम्न माध्यमिक र माध्यमिक तहको शिक्षा स-शुल्क प्रदान गर्ने र अव स्थापना हुने विद्यालयलाई श्री ५ सरकारबाट एकमुष्ट अनुदान प्रदान गर्ने र शिक्षामा कुल खर्चको १७ प्रतिशत लगानी गर्ने जस्ता प्रमुख कार्यनीतिहरुको माध्यमबाट शिक्षामा गर्ने लगानीलाई व्यवस्थित गर्ने सुभ्कावहरु पेश गरेको पाइन्छ ।

खनाल र आचार्य (२०६३), का अनुसार दसौ योजना (२०५९-२०६४) ले विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीय स्वायत्त शासन ऐनको मूल मर्मलाई ध्यानमा राखी शैक्षिक योजना निमार्ण र व्यवस्थापनको उत्तरदायित्व सकेसम्म स्थानिय निकाय एवम् समुदायिलाई दिने दिर्घकालीन अवधारणा लिएको छ। दसौ योजनाले शिक्षाको विकास र अवसर नै सामाजिक असमानता हटाउन सक्ने प्रबल साधन हो भन्ने तथ्यलाई लिएको छ । तर बाह्य सहयोग नरहेको अवस्थामा शिक्षाको भावी दिन कस्तो रहला भन्ने प्रश्न भने अनुत्तरित रहेको कुरातर्फ इङ्गित गरेको छ ।

शिक्षा नियमावली (२०५९) तेस्रो संशोधनमा उल्लेख भए अनुसार विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने छ । विद्यालयको नाममा रहेको जग्गा विक्रि वा धितो राख्न पाइने छैन । सामुदायिक विद्यालयले विद्यालयको भौतिक पूर्वाधार विकासको लागि पच्चीस प्रतिशत जग्गा व्यवस्थापन समिति र विद्यालय सम्पत्ति संरक्षण समितिको सिफारीसमा मन्त्रालयको स्वीकृतिलिई बढाबढाद्वारा बिक्री गर्न सकिन्छ । विद्यालयको नाममा रहेको जग्गा सट्टापट्टा गर्न पाइने छैन तापनि विद्यालयको कम्पाउण्ड वा खेलमैदानसँग जोडिएको कुनै जग्गा सट्टापट्टा गर्नु पर्ने भएमा सामुदायिक विद्यालयको सम्पत्ति जिल्ला शिक्षा कार्यालयको सिफारीसमा सट्टापट्टा गर्न सकिन्छ । सामुदायिक

विद्यालयले विद्यालयको अचल सम्पत्ति विद्यालयको नाममा रजिष्ट्रेशन पारित गर्नुपर्ने छ । दैविकप्रकोप वा काबु बाहिरको परिस्थितिले गर्दा विद्यालयको सम्पत्ति हानी नोक्सानी हुन गएको प्रमाणित भएमा मिनाह दिन सक्ने व्यवस्था छ ।
विद्यालयमा दिइने अनुदान तथा अन्य व्यवस्था सम्बन्धि व्यवस्था शिक्षा नियमावलीमा १६४-१६७ सम्म गरिएको छ । सामुदायिक विद्यालयलाई नेपाल सरकारबाट दिइने अनुदान रकम मन्त्रालयले एकमुष्ट जिल्ला शिक्षा कोषमा पठाउने छ । विद्यालयको प्राप्त रकम जुन कामको लागि मात्र खर्च गर्न निकासा गरीएको हो सोही कामको लागि मात्र खर्च गर्नु पर्दछ । विद्यालयको भवन, फर्निचर र अन्य कार्यको लागि स्थानीय स्रोत र जनसहयोगबाट गर्नुपर्ने व्यवस्था छ ।


प्रधानाध्यापकले प्रत्येक वर्ष आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई एक प्रति जिल्ला शिक्षा कार्यालयबाट समयमानै पठाउनु पर्दछ । विद्यालयको आयव्ययको लेखा प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा पठाउनुपर्ने छ । प्रधानाध्यापकले प्रत्येक वर्ष विद्यालयको आयखाता लेखा जिल्ला शिक्षा अधिकारीले तोकेको लेखा परीक्षकद्वारा गराउनु पर्दछ । लेखा परीक्षकले विद्यालयको लेखापरीक्षण गरीसकेपछि व्यवस्थापन समिति जिल्ला कार्यालाय र निर्देशनालयमा एक एक प्रति प्रतिवेदन पेश गर्नु पर्ने छ । नेपाल सरकारले सामुदायिक विद्यालय र शैक्षिक गुठिको रुपमा सञ्चालित संस्थागत विद्यालयले विदेशबाट शैक्षिक सामाग्री आयात गर्दा लाग्ने भन्सार सुविधा आंशिक वा पुरै छुट दिन सक्नेछ व्यवस्था छ ।

नेपालको अन्तरिम संविधान २०६३ भाग ३ मौलिक हकको उप धारा १ र २ मा मातृ भाषामाआधारभुत शिक्षा पाउने हक र प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ । भाग ४ राज्यको दायित्व निर्देशक सिद्धान्त तथा नीतिहरु मा शिक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने निति लिने छ । शिक्षामा निश्चित समयको लागी आरक्षणको व्यवस्था गर्ने छ ।

समग्रमा भन्दा शिक्षाको वित्तीय प्रणालीले धेरै आरोह अवरोहहरुमा पृथक पृथक प्रणाली अपनाइएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना पश्चात शैक्षिक वित्तीय प्रणाली व्यस्थित हुनै आएको र शिक्षामा सरकारी खर्च क्रमश : बढ्दै आएको देखिन्छ । नेपालको शैक्षिक

इतिहासलाई नियाल्दा विद्यालय शिक्षामा लगानीका प्रारुपहरुलाई निम्न बमोजिम धारणाबद्ध कार्य ढाँचामा उल्लेख गर्न सकिन्छ ।

**तालिका १ शिक्षा प्रणाली र लगानीका प्रारुपहरु**




(स्रोत : खनाल र आचार्य २०६३)

यसरी गुरुकुल शिक्षा प्रणालीबाट शुरु भएको शिक्षा वर्तमान समुदाय व्यवस्थापनमा आधारित विद्यालय शिक्षा प्रणाली सम्म आई पुग्दा वित्तीय स्रोतलाई व्यवस्थित रुपले परिचालन गर्न धेरै प्रयासहरु भएको पाइन्छ । विद्यालयहरुले राष्ट्रिय ढुकुटी, समुदाय, घररिवार , शिक्षार्थी र विकास साझेदारहरुले गरेको लगानी अनुसारको शैक्षिक उपलब्धि हात पार्न सकिरहेको छैन । त्यसैले विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालन प्रभावकारी रुपमा नभएर हो की भन्ने लागेर यस विषयमा खोजी गर्न विद्यालयम व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव शिर्षक छनौट गरी यसै शिर्षकको परिधिमा रही आफ्नो शोधप्रत्र प्रस्तुत गर्न शान्दर्भिक ठानेको छु ।

## १.२. समस्याको कथन

कुनै पनि संघसंस्थाको व्यवस्थापन पक्षलाई संघ  संस्थाको मेरुदण्डको रुपमा लिइन्छ । समुचित आर्थिक स्रोतको परिचालन विना संघ संस्थाले निर्दिष्ट लक्ष्य हासिल गर्न सक्दैन । नेपालको सन्दर्भमा शैक्षिक संघ संस्थाहरुले व्यवस्थापकिय कमि कमजोरीका कारण वित्तीय स्रोत साधनको चुस्त र दुरुस्त रुपमा परिचालन गर्न सकिरहेका छैनन् । दुर्गम ठाँउमा रहेका विद्यालयहरु आकाशलाई छाना र भुईलाई टेबलकुर्चीको रुपमा प्रयोग गर्न विवस छन् । त्यस्ता विद्यालयहरुमा सरकारी अनुदान केबल शिक्षक कर्मचारी तलब भत्ता र सेवा सुविधामा मात्र सिमित छन् । आर्थिक अभावका कारण विद्यालय व्यवस्थापन अन्तर्गतका शैक्षिक व्यवस्थापन, प्रशासनिक व्यवस्थापन, भौतिक व्यवस्थापनको साथै मानविय सम्बन्ध  व्यवस्थापन पनि ओझेलमा परेको तथ्य हाम्रो सामु सर्वविदितै छ । तथापि सामदायिक विद्यालयको व्यवस्थापन गुणस्तर र उपलब्धि सुधार किन भएन ? वित्तीय स्रोतको परिचालन प्रभावकारी नहुनाको कारण के हो ? विद्यालय व्यवस्थापनमा वित्तीय स्रोतको प्रभाव कस्तो रहन्छ ? के विद्यालयको शैक्षिक, प्रशासनिक भौतिक तथा मानविय संसोधनमा वित्तीय स्रोतको वितरण समान छ ? वित्तीय स्रोत बाँडफाडलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? आर्थिक स्रोत सञ्चालनमा कस्ता कस्ता समस्याहरु देखिएका छन् ? के विद्यालय व्यवस्थापन आर्थिक स्रोत परिचालनको कारणले नै कमजोर भएको होला? किन लगानीको अनुपातमा विद्यालयले अपेक्षित उपलब्धि हासिल गर्न सकिरहेका छैनन् । विद्यालय व्यवस्थापन भनेको के हो ? वित्तीय स्रोत परिचालनले विद्यालय व्यवस्थापनलाई कसरी प्रभाव पार्दछ ? सामुदायिक विद्यालयमा वित्तीय स्रोत उपलब्ध हुने स्रोतहरु के के हुन् ? वित्तीय स्रोत कहाँ कति खर्च भै रहेको छ ? विद्यालय व्यवस्थापन र वित्तीय

स्रोत विचको अन्तर सम्बन्ध र यस्ता सम्स्या सामाधानका उपायहरु के के हुन सक्छन ? जस्ता समस्याहरुलाई मध्यनजर गरी समस्याको कथनको रुपमा विद्यालय व्यवस्थापनमा वित्तिय स्रोत परिचालनको प्रभावलाई लिइएको छ ।

## १.३. अध्ययनको औचित्य

अनुसन्धान गर्नु चुनौतिपूर्ण कार्य हो अध्ययनको क्रममा समस्या कहाँ छ र कारण के हो ? केलाउनु पर्ने हुन्छ । कुनै पनि विषयको अध्ययन अनुसन्धानको आ-आफ्नै औचित्य रहेको हुन्छ । यसै सन्दर्भमा विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनले विशेष महत्व रहेको हुन्छ । यस अनुसन्धानबाट वित्तीय स्रोत परिचालनले विद्यालय व्यवस्थापनमा पार्ने प्रभावहरुको पहिचान गर्ने, तुलना गर्ने र विद्यालय व्यवस्थापनमा पर्ने आर्थिक समस्याहरु उपर सुझावहरु दिन यस अध्ययनको औचित्य रहेको छ ।

शिक्षा नियमावली (२०५९) तेस्रो संशोधन २०६२ मा उल्लेख भए अनुसार विद्यालयको बजेट, आय-व्यय लेखा तथा अन्य व्यवस्थाको वारेमा प्रष्ट उल्लेख छ । विद्यालयले विद्यालय आयव्ययको लेखा अनुसूची- २३ बमोजीम ढाँचामा राखे नराखेको पहिचान गरी निराकरणका उपायहरु देखाई नियमावली अनुसार राख्न सकिन्छ भन्ने लागेकोले यो विषयको अध्ययन गर्न लागिएको छ ।

विद्यालयको नगद, जिन्सी, जायजेथा सुरक्षाको जिम्मेवारी साथै लगत राख्ने दायित्व वि.व्य.स का अध्यक्ष, प्र.अ र सरोकारवालाहरुलाई जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न प्रेरणा दिने छ । कुनै पनि विद्यालयमा शैक्षिक गुणसतर वृद्धि गर्न वित्तीय स्रोत परिचालनले महत्वपूर्ण भुमिका खेल्दछ । साथै यस अनुसन्धानले वित्तीय स्रोत परिचालनमा प्रत्यक्ष सहभागी प्रधानाध्यापक र लेखासम्बन्धि हिसाबकिताब राख्ने व्यक्तिका साथै व्यवस्थापन समिति, शिक्षक कर्मचारी लगायत अन्य सरोकारवाला जो कोहिलाई पनि वित्तीय स्रोत परिचालनले विद्यालय व्यवस्थापनलाई पार्ने प्रभाव सम्बन्धि धेरैथोरै जानकारी दिई सहयोग पुऱ्याउँछ । सामुदायिक विद्यालयमा नेपाल सरकारको निगरानी हुनुको साथै आर्थिक अनुदान को पनि व्यवस्था छ । यति हुदाँ हुदै पनि सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि न्यून देखीनु, अभिभावकहरुमा सामुदायिक विद्यालयहरु प्रतिको विश्वासमा कमि हुदै जानुमा विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालन प्रभवकारी

रुपमा नभएर हो की भन्ने लागेकाले सामुदायिक विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव छनोट गरिएको छ ।

यो अध्ययनको औचित्यलाई बुदाँगत रुपमा निम्नअनुसार प्रस्तुत गरिएकोछ ।

क) विद्यालय व्यवस्थापन समितिलाई आर्थिक स्रोत जुटाउन विभिन्न कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्न सहयोग गर्न सक्दछ ।

ख) विद्यालयको हरेक शेक्षिक कार्यक्रममा अभिभावक तथा स्थानिय निकायको सहभागिता बढाई वित्तिय स्रोत संकलन र परिचालनमा जनसहभागिता जुटाउन सहयोग गर्न सक्दछ ।

ग) विद्यालयको बजेट अनुसार योजना निमार्ण गरी कार्यान्वयन गर्न सहयोग प्रदान गर्न सक्दछ ।

घ) विद्यालयको आय स्रोत अनुसार शैक्षिक तथा भौतिक सुविधा विस्तारमा बजेट खर्च गर्न प्रोत्साहित गर्दछ ।

ङ) सिमित स्रोत र साधन भए तापनि उचित परिचालन गरेमा शैक्षिक उपलब्धिको साथै विद्यालय व्यवस्थापन पनि प्रभावकारी हुन सक्दछ भन्ने धारणको विकास गर्न मद्दद गर्दछ ।

च) विद्यालयको बजेट जे कामका लागि निकासा गरिएको छ त्यही काममा खर्च गर्न प्रेरणा प्रदान गर्न सक्नेछ ।

छ) कार्यक्रम र बजेटको विचमा तालमेल मिलाई यथार्थ परक कार्यक्रम र बजेट बनाउन मद्दत गर्न सक्दछ ।

ज) यस अध्ययनलाई भावि अनुसनधानकर्ताले द्धितिय स्रोतको रुपमा प्रयोग गर्न सक्नेछन् । साथै शैक्षिक योजनाकारलाई शैक्षिक योजना अनुसार बजेट विनियोजन गर्न सहयोग पुऱ्याउन सक्दछ ।

यस अध्ययनले विद्यालय व्यवस्थापमा वित्तिय स्रोतलाई प्रभावकारी रुपमा परिचालन गर्नको लागि सहयोग पुऱ्याउने भएकोले यस अध्ययनको औचित्य प्रष्टिन्छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार छन् ।

क) विद्यालय व्यवस्थापनका लागि आवश्यक वित्तीय स्रोतहरुको पहिचान गर्ने ।

ख) विद्यालय व्यवस्थापनमा वित्तिय स्रोत परिचालनले पारेको प्रभाव पत्ता लगाउने ।

ग) वित्तीय स्रोत परिचालनमा देखिएको समस्या पत्ता लगाउने ।

घ) वित्तीय स्रोत परिचालनमा देखिएको समस्या समाधानका उपायहरु सुझाउने ।

## १.५. अनुसन्धात्मक प्रश्न

यस अध्ययका उद्देश्यहरु पुरा गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु निम्न छन् ।

क) विद्यालयको नाममा के कति चल अचल सम्पत्ति रहेको छ ?

ख) विद्यालयको आय व्यय विवरणको स्थिति कस्तो रहेको छ ?

ग) विद्यालयको आन्तरिक र बाह्रय वित्तीय स्रोतहरु के के हुन् ?

घ) विद्यालय सञ्चालनको लागि कुन कुन शिर्षकमा खर्च हुने गरेको छ ?

ङ) आय व्ययको विवरण कसरी राखिएको छ ?

च) वित्तीय स्रोत परिचालनमा देखिएको समस्याहरु के के हुन् ?

छ) वित्तीय स्रोत परिचालनमा देखिएको समस्या समाधानका उपायहरु के के हुन सक्दछन् ?

## १.६. अध्ययनको परिसीमाहरु

कुनै पनि निश्चित सिमा विनाको कार्यक्रम प्रभावकारी र पारदर्शी बन्न सक्दैन । अत : सिमित स्रोत साधान र समयको परिधि भित्र रहेर यस अध्ययन गरिएको हुदाँ विद्यालय व्यवस्थापन अन्तर्गत विभिन्न पक्षहरु समावेश भए तापनि वित्तीय स्रोत परिचालनलाई मात्र समावेश गरिएको छ । विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव अध्ययन गर्न काठमाण्डौ महानगरपालिकाको मनोहर स्रोत केन्द्र अन्तर्गतका आठ वटा सामुदायिक विद्यालयहरु मध्येबाट तीन वटा उ.मा.वि लाई छनौट गरिएको छ । यस अध्ययन छनौटमा परेका विद्यालयहरुको वि.व्य.स.को अध्यक्ष, प्र.अ., लेखापाल,साथै शिक्षक, विद्यार्थी र अभिभावक मात्र सिमित गरिएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अनुसन्धान लेखन कार्य भन्दा अगाडी सम्बन्धित साहित्यको पुनरावलोकन गर्नु जरुरी हुन्छ । संबन्धित साहित्यको पुनरावलोकले अध्ययन कार्यमा निश्चित जानकारी र मार्ग निर्देशन प्राप्त हुन्छ । अध्ययनका लागि सम्बनिधत विषय क्षेत्रको विहङ्गम दृष्टिकोण, ऐतिहासिक दृष्टिकोण, शिक्षा ऐन, नियमावली, संविधान, प्रतिवेदन, शोधपत्र, पाठ्यपुस्तक, पत्रपत्रिका, लेखा तथा रचना लाई विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव शिर्षक अन्तर्गत सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको रुपमा प्रस्तुत गरिएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

विद्यालय व्यवस्थापनमा वित्तीय स्रोतको परिचालनले प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव पारेको हुन्छ । वित्तीय स्रोतको सहि परिचालनले नै विद्यालयको निहित लक्ष्य तथा उद्देश्य पुरा गर्न महत्वपूर्ण भूमिका खेल्दछ । आर्थिक स्रोत र त्यसको प्रभावकारी परिचालन विना कुनै पनि कार्यको लक्ष्य तथा उद्देश्य प्राप्त गर्न सकिदैन । तसर्थ विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभावको अध्ययन गर्न यस अनुसन्धान सँग मिल्दा जुल्दा विभिन्न विषयमा समय समयमा प्रकाशित अनुसन्धानत्मक लेख, प्रतिवेदन, जर्नलहरु तथा शोध पत्रको पुनरावलोकन निम्नानुसार गरिएको छ ।

गौतम र अन्य (२०६०) का अुनसार विद्यालय व्यवस्थापन आफैमा महत्वपूर्ण पक्ष हो । वित्तीय स्रोतको सहि परिचालनले नै विद्यालय  व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउने कुरालाई हामिले नकार्नु हुदैन । विद्यालय व्यवस्थापनको क्षेत्र भित्र शैक्षिक व्यवस्थापन, मानव संसोधन व्यवस्थापन कर्मचारी व्यवस्थापन, सुचना प्रणालीको व्यवस्थापन, अभिप्रेरण व्यवस्थापन, सबैसँग मिलेर गर्ने सहयोगत्मक कार्यको व्यवस्थापन, शिक्षण सिकाई व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, परीक्षा तथा नतिजा व्यवस्थापन, विद्यालयको नाममा रहेको चल अचल सम्पत्ति व्यवस्थापन आदी पर्दछन् । यी र यस्ता सम्पूर्ण विद्यालय व्यवस्थापन पक्षलाई गतिशिलता दिने कार्य वित्तीय स्रोत परिचालन बाट नै सम्भव हुन्छ भन्ने कुरा औल्याइएको पाइन्छ ।

शैक्षिक समाचार (२०६४), मा हरीप्रसाद लम्साल का अनुसार विश्वमा विद्यालय व्यवस्थापन सम्बन्धमा विविध विधिहरु कार्यान्वयनमा ल्याइएका छन् । कुनै मूलुकहरुले केन्द्रिकृत अवधारण कार्यान्वयनमा ल्याएका छन्, कुनैले विकेन्द्रिकृत अवधारण अनुरुप विद्यालय व्यवस्थापन गरिरहेका छन् । भने मिश्रित व्यवस्थापन प्रणाली अपनाउने मूलुकहरु पनि पाउन सकिन्छ । यी विधिहरु मध्ये न्यूजिल्याण्डले विद्यालय व्यवस्थापनमा विकेन्द्रिकृत व्यव्सथापन प्रणाली अनुरुप विद्यालय व्यवस्थापन पद्धति कार्यान्वयनमा ल्याएको छ । प्रत्येक विद्यालयमा प्रधानाध्यापक द्वारा School Board of Trustees को व्यवस्था गरिएको छ । प्रत्येक विद्यालयको हकमा भने उक्त Board of Trustees मा विद्यार्थीका तर्फबाट समेत प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ । School Board of trustes, parent teacher Association र विद्यालयका अन्य शैक्षिक क्रियाकलापमा अभिभावकहरुको संलग्नता सुनिश्चित गरिएकोले उनीहरु आफ्ना वालवालिकाको सिकाईमा प्रत्यक्ष रुपले सहभागी हुने गर्दछन । विद्यालयले विद्यार्थीको सिकाई लगायतका अन्य पक्षहरुको प्रगति विवरण नियमितरुपमा अभिभावक समक्ष प्रस्तुत गरी छलफल तथा अन्तक्रिया समेत गर्ने गर्दछन । विद्यालय व्यवस्थापन गर्ने कार्यमा School Board of Trustees को महत्वपूर्ण एवम् सर्वोपरी भूमिका रहने बताइएको छ ।

शैक्षिक समाचार (२०६४), मा उल्लेख भए अनुसार सामुदायिक विद्यालयहरु  परिर्वतनका पक्षमा शिर्षकको लेखमा संसर परिर्वतनशिल छ बढ्दो सुचना प्रविधिको कारणले गर्दा ज्ञान विज्ञानको क्षेत्रमा परिवर्तन छिटो हुने गरेको छ । नेपालको जनुसुकै कुनामा पनि विश्व बजारमा देखा परेका विशेषताहरु सजिलै पुग्ने हुनाले परम्परागत एवम् स्थानीयतामा आधारित ज्ञान सिप, प्रविधि र संगठनले समयानुकुल बनाउन ठुलो दवाव खेप्दै आएका छन् । अभिभावकको बढ्दो आकांक्ष निजि विद्यालयहरुको विस्तार, समाजको अंङ्ग्रेजी भाषाप्रतिको मोह, निजि विद्यालयहरुको एस.एल.सी नतिजाले निजि क्षेत्रका विद्यालयहरु अभिावकको छनौटमा पर्ने गरेको छन् । अभिभावकहरु दु:ख कष्टका साथ भए पनि आफ्ना छोराछोरीहरुलाई निजि विद्यालयमा पढाउने गरेको पाईन्छ । समयको माग सँगै देखा परेका परिर्वतनहरु जस्तै विद्यालयमा अंग्रेजी भाषाको प्रयोग, कम्प्युटर को प्रयोग आदि जस्ता पक्षहरुमा सामुदायिक विद्यालयभन्दा निजि विद्यालयहरु अगाडी देखिएका छन् । निजि विद्यालयहरु समयको माग बुझी सो अनुरुप समायोजित भएका छन् भने सामुदायिक विद्यालयहरु पविर्तनको माग बुझ्न नसकी पछाडी

परेको छन् । विद्यालयहरुका कक्षाकोठामा प्रविधिलाई प्रवेश  गराउनु टट्कारो आवश्यकता परेको छ । सामुदायिक विद्यालयहरुको कार्य सक्षमतामा सुधार गर्ने हो भने यसको सञ्चालन र व्यवस्थापन पक्षलाई परिवर्तन गर्नुपर्दछ। परिवर्तनप्रति सकारात्मक बनाउनु पर्दछ । यसरी स्रोत र साधनलाई वैज्ञानिक रुपमा उपयोग गरेमा निजि विद्यालयहरुसँग प्रतिस्पर्धा गर्न सकिन्छ तर सामुदायिक विद्यालयहरुमध्ये अधिकाशं यस प्रतिस्पर्धाप्रति चासो रहेको देखिदैन । अधिकांश सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्था दिन प्रति दिन खँस्कदै गएको छ भनि प्रस्तुत गरिएको छ ।

शर्मा (२०६४), का अनुसार कक्षाकोठाको व्यवस्थापनबाट शिक्षण सिकाई उपलब्धिपूर्ण अपेक्षित, उद्देश्यमूलक र प्रभावकारी हुन्छ । यसर्थ कक्षाकोठामा विषयवस्तुसँग मिल्दो पाठ्यसामाग्री चित्र, नक्सा, क्लीपचार्ट, शैक्षिक सामाग्री जे छन् , तिनिहरुको व्यवस्थापन उचित कमबद्ध ढंगले प्रदर्शन भएको खण्डमा शिक्षण सिकाई व्यवस्थित हुन जान्छ । पुस्तकालय आदिको प्रयोग बारे सिकाउनु छ भने त्यही अनुसार पुस्तक छान्न क्याटलक आदी हेर्न सिकाउनु पर्दछ । सोही अनुसारको व्यवस्थापन शिक्षण सिकाईको लागि उपयुक्त मानिन्छ भनिएको छ । ।

दशौ योजना (२०५९-२०६४), मा विद्यालय शिक्षा नितिमा विद्यालय शिक्षाको समग्र व्यवस्थापन स्थानिय तहदेखीनै जनसहभागितामा जोड दिई विकेन्द्रिकरणको अवधारण अनुरुप सरकारले सहरीकरण, गुणस्तर प्रवर्द्धन नियमन सेवा आवश्यक सम्प्रदान गर्न सक्षम भूमिका खेल्ने र सबैका लागि शिक्षाले राष्ट्रिय प्रतिवद्धता पुरा गर्न गुणस्तरीय प्राथमिक शिक्षा विस्तार गर्ने निति रहेको उल्लेख गरिएको छ ।

खनाल र आर्चाय (२०६३), का अनुसार नेपलाको शिक्षा एउटा ठुलो चुनौतीका रुपमा देखापरेको छ । प्राथमिक शिक्षामा खर्च गरे अनुसार प्रतिफल प्राप्त भएको देखिदैन । भन्डै एक दशक सम्मको व्यापक प्रयासपछि पनि प्राथमिक तहमा एकातिर विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने जस्ता समस्याको सामाधान हुन सकेको छैन । भने भर्ना हुने संख्यामा पनि सन्तोषजक वृद्धि भईरहेको छेन । कक्षा एकमा भर्ना गरेकामध्ये आधाभन्दा कमले मात्र पाँच कक्षा उत्तिर्ण गर्दछन् । दश कक्षामा पुग्दा तीनको संख्या दशमात्र हुन्छ । अर्थात कक्षा एकमा भर्ना भएका कुल केटाकेटीमध्ये केवल १० प्रतिशतमात्र कक्षा १० मा पुग्दछ । त्यस्तै त्रिभुवन विश्वविद्यालयमा

भर्ना भएका करिब २५ प्रतिशत हाजिर हुन आउदैन । मानविकि एवम् समाजशास्त्र संकायमा भर्ना हुने केवल २५ प्रतिशत मात्र एक पटक पनि अनुत्तिर्ण नभई स्नातकोत्तर तह पार गर्दछन् भनि उल्लेख गरिएको छ ।

खनाल (2003) का अनुसार शैक्षिक संस्था सार्वजनिक संस्था हो भन्ने मान्यता संसरभरि नै पाइन्छ । कतिपय स्थानमा धार्मिक दृष्टिकोणले पनि शैक्षिक संस्थामा दान दिने गरेको पाईन्छ । शिक्षण संस्थालाई अनिवार्य एवम् स्वेच्छिक दान दातव्य गुणस्तरीय शिक्षा दिनका लागि पनि दिइन्छ । नेमालमै पनि विद्यालयलाई नगद वा जिन्सी दिँदा धर्म कमाइन्छ  र स्वर्ग पुगिन्छ भन्नेहरुको संख्या कम छैन । उदहारणको लागि चितवनमा गरिएको अध्ययनले सार्वजनिक विद्यालयमा  ज्ञान दिनुको पछाडी दुईवटा कारणहरु देखाएको छ। ती कारणहरु हुन :

क) शैक्षिक संस्था साक्षत सरस्वतीको मन्दिर हो । यस मन्दिरमा दान गरे पुण्य कमाइन्छ  र स्वर्गको बाटो खुल्छ ।

ख) शिक्षा सामाजिक वस्तु (Social goods) हो । यसमा दान गर्नाले समाजले फाईदा पाँउछा र सामाजिक सुधार हुन्छ , शान्ती पाइन्छ ।

लोहोनी (2001) ले नेपालको सन्दर्भमा सार्वजनिक विद्यालयका स्रोतहरुका बारेमा चर्चा गरेको छन् । उनको विश्लेषण अनुसार सरकारी अनुदान, वैदेशिक परियोजना,स्थानीय विकास, मन्त्रालय, आदिले भौतिक निमार्ण, जनजाती, छात्रवृत्ति, पिछडिएका वर्गलाई शिक्षा प्रदान गर्न सहयोग गर्दछ । जिल्ला विकास, समिति, नगरपालिका, गाँउ विकास समिति, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, स्थानीय समुदाय र अभिभवक वा परिवारहरु विद्यालयका लगानीकर्ताहरु हुन् । नेपालको शैक्षिक इतिहासलाई हेर्दा आजभन्दा झण्डै २९ वर्ष अघिदेखी सरकारले प्राथमिक शिक्षा निःशुल्क रुपमा उपलब्ध गराउने प्रतिवद्धता जाहेर गरेको देखिन्छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, (२०५५) का अनुसार यदि उच्चशिक्षाबाट प्राप्त आय सम्पूर्ण तहमा एकै रुपले खर्च गरियो भने शिक्षामा श्रोतको परिचालन बढ्दछ तर यो प्रक्रियाले बाँडफँडको ढाँचा भने सुधिदैन । विद्यालयको दक्षताको अभिवृद्धि पनि गर्न सकिदैन । तसर्थ जुन तहमा  बढी आवश्यक छ त्यही बढी श्रोत पुऱ्याउनुपर्दछ । अहिलेको सन्दर्भमा त्यो तह भनेको

प्राथमिक तह नै हो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, (२०४९) प्राथमिक शिक्षाको निम्ति सरकारले उपलब्ध गराउने रकम पूर्णतया शिक्षक तलबमा जाने हुँदा, शिक्षाको गुणस्तर विकास गर्नका लागि अरु बैकल्पिक श्रोतहरु खोज्नु पर्ने । यस्ता श्रोतहरु स्थानीय श्रोतनै हुने भएकोले स्थानिय तहमा प्राप्त रकममध्ये निश्चित प्रतिशत विद्यालयको शैक्षिक सुविधा विस्तार र गुणस्तर वृद्धिको काममा प्रयोग गर्नुपर्ने प्रावधान हुनुपर्ने उल्लेख गरेको पाइन्छ ।

सूचना संगालो (२०६१) का अनुसार सामुदायिक विद्यालयको हालको व्यवस्थापन र शिक्षण सिकाई पद्धतिमा सुधार ल्याउन योजना निमार्ण, कार्यान्वयन एवं अनुगमन तथा मुल्याङ्कन स्थानीय सरोकारवालाहरुको सहभागिता एवं निर्णय बमोजिम हुनेगरी केन्द्रबाट एकमुष्ठ अनुदान प्रणाली अनुरुप श्रोत साधनलाई सोझै विद्यालयमा आवद्ध गरिएको छ शिक्षामा हुने लगानी र शिक्षामा भएको उत्पादनको तुलना गरी विद्यालय व्यवस्थापनको प्रभावकारीता लेखाजोखा गर्न सकिन्छ भनिएको छ ।

## २.२. सैद्धान्तिक खाका

देश विकासको महत्वपूर्ण पक्ष नै शिक्षा हो । शिक्षालेनै मानव जिवनलाई सार्थक र उपयोगी बनाउँछ । शिक्षाको माध्यमबाट नै व्यक्ती, समाज र राष्ट्र विकासमा आमुल परिवर्तन ल्याउन सकिने भएकोले शिक्षा सामाजिक सेवा अन्तर्गत पर्दछ । शिक्षा विकासको हरेक पक्षमा जनताको सहमति र सहभागिता आवश्यक पर्ने वास्तविकता लाई आत्मसाथ गर्दै यो अध्ययन मानव सम्बन्ध सिद्धान्तमा आधारित रहेर अगाडी बढाईएको छ ।

विद्यालय व्यवस्थापामा मानव सम्बन्ध सिद्धान्तको महत्वपूर्ण भूमिका हुने हुदाँ यो अध्ययनमा यस सिद्धान्तलाई समावेश गरिएको छ । मानव सम्बन्ध सिद्धान्त सन् १९५० को समयमा प्रचलित सिद्धान्त हो । यस अगाडीका सिद्धान्तले संगठन र कार्यलाई यान्त्रिक दृष्टिकोणले हेरको कारणले यो सिद्धान्तको सुरुवात भएको हो । कुनै पनि संगठनमा कार्य गर्नेहरुका बीच राम्रो मानव सम्बन्ध भएमा कार्य सम्पादन राम्रो, चाडो र स्तरिय हुन्छ । साथै उपलब्धिपूर्ण हुने हुनाले यसको विपरित मानव सम्बन्ध नभएमा कार्य सम्पादान ढिलो, नराम्रो र कम गुणस्तरीय हुने हुनाले यस सिद्धान्तले धेरैको मन छुन थालेको पाइन्छ । यस सिद्धान्तलाई Interpersonal

behaviour पनि भनिन्छ । George Elton Mayo (1880-1949), Mary Parker Follet (1868-1933), Abraham Maslow (1943) मानव सम्बन्ध सिद्धान्तका सिद्धान्तकारहरु हुन् (कोइराला २०५९) ।

यस अध्ययनमा मायो र फोलेटको सिद्धान्त अनुसार विद्यालय व्यवस्थापनको महत्वपूर्ण पक्षको रुपमा वित्तिय स्रोत परचालनलाई प्रभावकारी बनाउन विद्यालयका सरोकारवाला व्यक्ति, समुदाय र निकाय विचमा के कस्तो समन्वय गरिएको छ, विद्यालय व्यवस्थापन अन्तर्गत वित्तिय स्रोतको संकलन र परिचालनमा सहभागिता मुलक प्रणालीको अभ्यास कसरी गरिएको छ, विद्यालयको वित्तिय स्रोत परिचालनमा देखिएका समस्या सामाधानको लागि प्र.अ, वि.व्य.स.स, लेखापाल, शिक्षक, कर्मचारी र स्थानिय निकाय विच आपसी समन्वय र सहकार्य हुने गरेको छ वा छैन भनी हेर्न यो सिद्धान्तको प्रयोग गरिएको छ ।

यस सिद्धान्तअनुसार विद्यालय व्यवस्थापनमा विद्यालय सम्बन्धि सरोकारवालाहरु विच घनिष्ट सम्बन्ध स्थापित गर्नु जरुरी छ । विद्यालय व्यवस्थापनका लागी महत्वपूर्ण आधार भनेको वित्तीय स्रोतको परिचालन हो । यसै गरी उपलब्ध आर्थिक स्रोत र साधनको वैज्ञानिक व्यवस्थापन गरी नयूनतम स्रोत र साधनबाट उच्चतम उपलब्धि हासिल गर्नको लागी वैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रभावकारी हुन्छ । विद्यालयको वित्तीय स्रोतको परिचालन गर्दा मानव सम्बन्ध सिद्धान्त साथै विकेन्द्रिकरण र वैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई आधार मानेर अगाडी बढेमा विद्यालय व्यवस्थापनमा प्रभावकारी आउने छ । जसले गर्दा विद्यालयका लक्ष्य तथा उद्देश्यहरु पुरा हुनलाई सघाउछ ।

माथि उल्लेखीत गरिएका शिक्षा ऐन, शिक्षा नियमावली, संविधान, प्रतिवेदन, लेख, शोधपत्र का आधारमा विद्यालय व्यवस्थापन गर्नका लागि आर्थिक स्रोत परिचालनको साथ साथै विद्यालय व्यवस्थापन सँग सम्बन्धित सम्पुर्ण पक्षहरुमा वित्तीय स्रोत परिचालनको खाँचो पर्ने कुरा स्पष्ट हुन आउँछ । चुस्त र व्यवस्थित आर्थिक परिचालनबाट मात्रै विद्यालयले तय गरेका उद्देश्यका साथै शैक्षिक गुणस्तरीयता पनि हासिल गर्न सकिन्छ ।

## २.३. शैक्षिक उपादेयता

यस अध्ययन सँग सम्बनिधत पूर्व साहित्यको पुनरावलोकन गर्दा विद्यालय व्यवस्थापनका विविध पक्षहरु मध्ये वित्तिय स्रोत परिचालन पनि एक महत्वपूर्ण पक्ष भएको, वित्तिय स्रोतले नै विद्यालयका सम्पूर्ण गतिविधिहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारिरहेको, सरकारले उपलब्ध गराउने रकम पूर्णतया शिक्षक तलब भत्तामा जाने हुदाँ शिक्षाको गुणस्तर विकास गर्नका लागि अरु वैकल्पीक स्रोतहरु खोजनु पर्ने, शिक्षण संस्थालाई अनिवार्य एवम् शैक्षिक दान दाताव्य गुणस्तरीय शिक्षा दिनको लागि नै दिइने गरेको, विद्यालय शिक्षाको समग्र व्यवस्थापन स्थानयि तह देखी नै जनसहभागितमा जोड दिई विकेन्द्रिकरणको अवधारणा अनुरुप शिक्षा विस्तार गर्नुपर्ने र विद्यालयका प्रमुख वित्तिय स्रोतहरुमा सरकारी अनुदान, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, स्थानीय निकाय, समुदाय र अभिभावकहरुको लगानी रहेको पाइयो । यसरी शिक्षामा भएको लागानि र शिक्षामा भएको उत्पादनको तुलना गरी विद्यालय व्यवस्थापनमा वित्तिय स्रोत परिचालन प्रभावको लेखाजोखा गर्न सकिने तथ्य प्राप्त भयो ।

यिनै तथ्यका आधारमा अनुसन्धानको सैद्धान्तिक खाका निमार्ण गरी अनुसनधानलाई एउटा निश्चित बाटोमा डोहोऱ्याउन सपष्ट आधार तयार भयो । विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालन प्रभाव विषयको अनुसन्धान कार्यमा सहजकता र सरलता ल्याउन सजिलो भई तोकिएको उद्देश्यहरु प्राप्त गर्न मदत पुग्ने कुरालाई सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको उपादेयताको रुपमा लिन सकिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१. अनुसन्धानात्मक ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनितिको आवश्यकता पर्दछ । पूर्वयोजना अथवा तयरी विना गरीने अनुसनधान निश्चित लक्ष्य सम्म पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार पारिने वृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यसले कस्ता प्रकृतिका तथ्याङ्क संकलन गर्ने, कसरी संकलन गर्ने, कसरी विश्लेषण गर्ने भन्ने सम्बन्धमा अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउँछ (खनाल २०६६) ।

यो अध्ययनमा गुणातमक र परिमाणात्मक दुबै विधिको प्रयोग गरिएको भए तापनि मूलत गुणात्मक अनुसन्धान ढाँचामा आधारीत भएर अध्ययन गरिएको छ । कुनै अवस्था, घटना, प्रकृया तथा समस्याहरुको अध्ययन गर्ने उद्देश्यले शाब्दिक रुपमा संकलन गरिएका असाङ्ख्यिक तथ्याङ्कहरुलाई तार्किक विधिद्वारा विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसनधानलाई गुणात्मक अनुसन्धान भनिन्छ । यस अध्ययनमा प्रश्नावली, प्रत्यक्ष अवलोकन, लिखित दस्तावेज र विद्यालय आर्थिक सर्वेक्षण फारमको माध्यमबाट वास्तविकतामा पुग्ने प्रयास गरिएको छ । विद्यालय व्यवस्थापनमा वित्तिय स्रोत परिचालनको प्रभाव लेखाजोखा गर्न, वित्तिय स्रोत परिचालनमा देखिएका समस्या पत्ता लगाई समाधानका उपायहरु सुझाउन अन्तरकृया गरी अध्ययनको गहिराईमा पुग्नु पर्ने हुदाँ शोधको लागि मूलत गुणात्म ढाँचा अबलम्बन गरिएको छ । गुणात्मक ढाँचामा आधारित अध्ययन भएकोले व्याख्या तथा विवेचनात्मक शैली अपनाइएको छ । अध्ययनको व्याख्या तथा विश्लेषण गर्ने कममा परिमाणात्मक ढाँचा पनि प्रस्तुत गरिएको छ ।

## ३.२. जनसंख्या र नमुना छनौट

कुनै पनि विषयको अनुसन्धानको लागि नमुना छनौट गर्दा संयोगमा आधारित नमुना छनौट भन्दा पनि उद्देश्य र प्रकृति अनुसार आफ्नो दिमागीय क्षमताको उपयोग गरी नमुना छनौट गरिने विधि नमुना छनौट विधि हो (मुडवारी र खनाल २०५९) ।

यस अध्ययनको लागि सम्भावना रहित नमुना छनौट विधि अन्तर्गत उद्देश्यपूर्ण नमुना छनोट विधि अपनाईएको छ । यस अन्तर्गत काण्माडौ महानगरपालिकामा अवस्थित मनोहर स्रोतकेन्द्र अन्तर्गत रहेका ५ वटा सामुदायिक उच्च.मा.वि मध्ये ३ वटा सामुदायिक विद्यालय श्री मनोहर उच्च मा.वि गोंगबु, श्री बौडेश्वर उच्च .मा.वि. झोरमहाँकाल र श्री तिलिङ्गागाटार उ.मा.वि धापासीलाई छनोट गरी विद्यालय व्यवस्थापनमा वित्तिय स्रोत परिचालनको प्रभाव अध्ययन गरिएको छ । छनौटमा परेका प्रत्येक विद्यालयबाट १/१ जना वि.व्य.स.समितिका अध्यक्ष, १/१ जना प्र.अ र १/१ जना लेखापाल गरी जम्म ९ जनालाई यस अध्यनको जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३. तथ्याङ्कका स्रोतहरु

कुनै पनि अनुसन्धानात्मक क्रियाकलाप अगाडी बढाउनको लागि तथ्याङ्कको मूल स्रोत छनौट गर्नुपर्ने हुन्छ । यसै कुरालाई मध्यनजर गरी यस अध्ययनको शिलशिलमा तथ्याङ्क संकलन मूलत प्राथमिक र द्बितिय दुबै स्रोतलाई समावेश गरीएको छ । अध्ययनका लागि आवश्यक प्राथमिक तथ्याङ्क संकलनको लागि अनुसनधानकर्ताको उपस्थितिमा प्रश्नावली, प्रत्यक्ष अवलोकन र छलफलका आधारमा गुणात्मक तथ्याङ्क संकलन गरिएको छ । द्बितिय स्रोत अन्तर्गत विद्यालयको विद्यालय सुधार योजना, विद्यालयको आर्थिक सर्वेक्षण फारम र विद्यालयमा रहेका अभिलेखहरुलाई आधार मनिएको छ ।

## ३.४. अध्ययन साधन निमार्ण

यस अध्ययनका लागि निम्न साधनहरुको निमार्ण गरी उपयोमा ल्याईएको छ ।

क) अध्ययन साधन निर्माण गर्दा नमुना छनौटमा परेका विद्यालयहरुको व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको पक्षलाई स्थलगत अवलोकन गरीएको छ ।

ख) यस अध्ययनका लागि नमुना छनौटमा परेका विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ र लेखापाल सँग वित्तीय स्रोतहरु र यसको परिचालन सम्बन्धमा धारणा बुझ्न अनुसूची १,२ र ३ को निमार्ण गरी प्रश्नावली प्रयोग गरिएको छ ।

ग) यस अध्ययनका लागि अध्ययन छनोटमा परेका विद्यालयहरुको विद्यालय सुधार योजना, विद्यालय अभिलेख र विद्यालय आर्थिक सर्वेक्षण फारमको प्रयोग गरी विद्यालयको आय व्यय विवरण, भौतिक सम्पति विवरण, शिक्षक विद्यार्थी संखया र एस.एल.सी नतिजा सम्बन्धि विवरणलाई तालिका २,३,४ र ५ निमार्ण गरी प्रयोग गरिएको छ । विद्यालयको आय स्रोत विवरण र खर्चको विवरणलाई अनुसूची ५ र ६ निमार्ण गरी प्रयोग गरिएको छ ।

अध्ययन साधनहरु उपयोगी भए नभएको जाँच गर्नको लागि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्र.अ., लेखापाल र सम्बन्धित क्षेत्रका विज्ञहरुसँग प्रतिक्रिया लिइएको थियो । यसैको आधारमा आवश्यक सुचनाहरु थपघट गरी शोध निर्देशकको निर्देशन अनुशार अध्ययन साधनहरुको विश्वासनियता र वैधता स्थापित गरिएको छ ।

### ३.५. तथ्याङ्क संकलन प्रकिया

अनुसन्धानको प्रकृति अनुसार अध्ययन साधन निमार्ण र परीक्षण गरी अनुसन्धानकर्ता स्वयंम उपस्थित भएर प्राथमिक र द्धितिय दुबै स्रोतको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### क) प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत नमुना छनोटमा परेका प्रत्येक विद्यालयको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष १, प्र.अ. १ र लेखापाल १ सँग अनुसनधानकर्ताको उपस्थितिमा अनुसूची १, २ र ३ अनुसार पश्नावली भरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।

### ख) द्धितिय स्रोत

द्धितिय स्रोत अन्तर्गत तथ्याङ्क संकलनको सन्दर्भमा नमूना छनौटमा परेका विद्यालयहरुको विद्यालय सुधार योजना, विद्यालय अभिलेख र विद्यालयको आर्थिक सर्वेक्षण फारमलाई आधार मानिएको छ । तालिका २, ३, ४ र ५ मा विद्यालयको आय व्यय विवरण, भौतिक सम्पति

विवरण, शिक्षक विद्यार्थी संख्या र एस.एल.सी नतिजा सम्बन्धि विवरण संकलन गरिएको छ भने अनुसूची ५ र ६ मा विद्यालयको आयस्रोत विवरण र खर्चको विवरण संकलन गरिएको छ।

### ३.६. तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययन विद्यालय व्यवस्थापन र वित्तीय स्रोत परिचालन सँग सम्बन्धित भएको हुदाँ प्राथमिक तथा द्धितिय दुबै स्रोतबाट प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार परिमार्जन गरी तोकिएका उद्देश्य र अनुसन्धानात्मक प्रश्न अनुसार तालिकिकरण गरि विद्यालय व्यवस्थापनमा वित्तिय स्रोत परिचालनको प्रभाव शिर्षकमा वर्णनात्मक रुपमा व्याख्या तथा विशलेषण गरिएको छ।

# परिच्छेद चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

कुनै पनि अध्ययन तथा अनुसनधानको क्रममा संकलित कोरा तथ्याङ्कलाई व्याख्या तथा विश्लेषण गर्न योग्य र प्रस्तुत गर्न योग्य बनाउनको लागि आवश्यकता अनुसार प्रशोधन गर्नु पर्ने हुन्छ । यस शोधपत्र तयार गर्ने क्रममा प्राथमिक एवं द्वितिय स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई आवश्यकता अनुसार तालिकिकरण गरी निम्न शिर्षकहरुमा वर्णनात्मक रुपमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ४.१. विद्यालय व्यवस्थापनको लागि आवश्यक वित्तीय स्रोतहरु :

अध्ययनको छनौटमा परेका सामुदायिक विद्यालय व्यवस्थापनको लागि आवश्यक वित्तीय स्रोतहरुको पहिचान गर्नको लागि तालिका २ अनुसार प्राप्त तथ्य तथ्याङ्कहरुलाई निम्नअनुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१ विद्यालयको कुल आय व्यय विवरण

छनौटमा परेका विद्यालयहरुको कुल आय तथा व्ययको विवरणलाई निम्न अनुसार तालिकिकरण गरि व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका २ विद्यालयको आय व्यय विवरण** (२०६५/०६६)

| सि.न | विद्यालयको नाम | जम्मा आय | जम्मा व्यय |
|---|---|---|---|
| १ | तिलिङ्गाटार उच्च मा.वि | ९९,५६,८७१/४५ | ८६,३९,६४०/४५ |
| २ | मनोहर उच्च मा.वि | ५९,०२,३६३/७६ | ५८,३६,२९२/७६ |
| ३ | वौडेश्वर उच्च मा.वि | ३८,१७,४६६ | ३८,१७,४६६ |

स्रोत विद्यालय आर्थिक प्रतिवेदन (२०६५/२०६६)

माथिको तालिकालाई विश्लेषण गर्दा तीन वटै विद्यालय मध्ये तिलिङ्गाटार उच्च मा.वि को आय बाँकी दुई विद्यालय भन्दा मजबुत पाइयो भने मनोहर उच्च मा.वि र वौडेश्वर उच्च मा.वि.को आय मध्यम खालको देखियो । यो तथ्याङ्कको तुलनात्मक विश्लेषणको आधारमा तिलिङ्गाटार उच्च मा.वि.को आय मजबुत भएको कारणले गर्दानै होला अरु विद्यालयको तुलनामा शैक्षिक परिणाम उच्च देखिनुको साथ साथै विद्यालय व्यवस्थापन पनि राम्रो देखिएको छ । त्यस्तै मनोहर उच्च मा.वि को तुलनामा वौडेश्वर उच्च मा.वि को आय कम भएतापनि मनोहर उच्च मा.वि.को भन्दा वौडेश्वर उच्च मा.वि.को शैक्षिक परिणाम उच्च र विद्यालय व्यवस्थापन राम्रो देखिनु वौडेश्वर उच्च मा.वि.को वित्तीय स्रोत परिचालन प्रभावकारी भएर नै हो ।

त्यस्तै गरी यी विद्यालयहरुको व्ययभारलाई विश्लेषण गर्दा विद्यालयको आयको अनुपातमा खर्च पनि भएको देखिन्छ । तिलिङ्गाटार उच्च मा.वि को आय स्तर बढी भएकोले खर्च पनि अरु विद्यालयको तुलनामा बढी नै देखिएको छ । त्यस्तै मनोहर उच्च मा.वि.को आय स्तर मध्यम छ व्यय पनि मध्ययम देखिएको छ भने वौडेश्वर उच्च मा.वि.को आय स्तर अरु दुई मा.वि को भन्दा कम देखिएको छ र व्यय पनि कमनै देखिएको छ। माथिको तालिकाको तथ्याङ्कको आधारमा भन्न सकिन्छ कि आय अनुसानै खर्च हुने रहेछ भन्ने कुरा प्रमाणित हुन्छ ।

### ४.१.२. विद्यालयको आय स्रोत विवरण

अध्ययनको छनौटमा परेका विद्यालयहरुको आय स्रोत विवरणलाई अनुसूची ५ अनुसार व्याख्या तथा विश्लेषण गर्दा मनोहर उच्च मा.वि.को आयस्रोतमा नगद मौज्दात १७.०२ प्रतिशत देखिन्छ भने तिलिङ्गाटार उच्च.मा.वि र वौडेश्वर उच्च मा.वि.को देखिएको छैन । बैक मौज्दात हेर्दा तिलिङ्गाटार उच्च मा.वि को १२.१६ प्रतिशत छ भने मनोहर उच्च मा.वि.को ३.१२ प्रतिशत देखिन्छ । यी दुवै विद्यालयको तुलनामा वौडेश्वर उच्च मा.वि.को बैंक मौज्दात छैन । जि.शि कार्यालयबाट प्राप्त अनुदान हेर्दा तीन वटै विद्यालयहरुले अनुदान प्राप्त गरेको देखिन्छ । जसमा मनोहर उच्च मा.वि.ले ६१.१५ प्रतिशत अनुदान प्राप्त गरेको छ भने तिलिङ्गाटार उच्च मा.वि.ले २६.२६ प्रतिशत र वौडेश्वर उच्च मा.वि ले ६०.९ प्रतिशत अनुदान प्राप्त गरेको देखिन्छ । उच्च मा.वि परिषदबाट ६.९६ प्रतिशत र जि.वि.स बाट १.८ प्रतिशत अनुदान तिलिङ्गाटार उच्च मा.वि.ले प्राप्त गरेको छ भने मनोहर उ.मा.वि.लाई यी दुबैबाट अनुदान प्राप्त भएको देखिदैन ।

वौडेश्वर उच्च मा.वि.ले जि.वि.स बाट अनुदान ६.४५ प्रतिशत प्राप्त गरेको देखिएको छ भने उच्च मा.वि परिषदबाट प्राप्त भएको देखिदैन । गा.वि.स बाट अनुदान मनोहर उच्च मा.वि.को ११.२३ प्रतिशत छ भने वौडेश्वर उच्च मा.वि.को ५.२३ प्रतिशत देखिन्छ । तिलिङ्गाटार उच्च मा.वि.ले गा.वि.स बाट अनुदान प्राप्त गरेको छैन । यी कारणले गर्दा के देखिन्छ भने तिलिङ्गाटार उच्च मा.वि.को भन्दा मनोहर उच्च मा.वि र बौडेश्वर उच्च मा.वि.को आयस्रोत यो मामिलामा सबल छ ।

यी विद्यालयहरुको विद्यार्थी भर्ना शुल्क वापत आएको रकम तिलिङ्गाटार उच्च मा.वि.को ज्यादै उच्च ४४.४७ प्रतिशत, वौडेश्वर उच्च मा.वि.को १६.८६ प्रतिशत र मनोहर उच्च.मा.वि.को २.६ प्रतिशत देखिन्छ । मनोहर उच्च मा.वि.ले परीक्षा शुल्क भनि १.२४ प्रतिशत आम्दानि राखेको छ भने तिलिङ्गाटार उच्च मा.वि.ले र वौडेश्वर उच्च मा.वि.ले परीक्षा शुल्क भनि छुट्टै रखेको छनै । यी तीनै वटा विद्यालयको यी शिर्षकलाई विश्लेषण गर्दा तिलिङ्गाटार उच्च मा.वि.को आम्दानी अत्यन्त बढी देखिन्छ ।

यी विद्यालयको अन्य अनुदानको विश्लेषण गर्दा छात्रवृत्ति अनुदान तिलिङ्गाटार उच्च मा.वि.ले ०.६५ प्रतिशत प्राप्त गरेको देखिन्छ भने मनोहर उच्च.मा.वि.र वौडेश्वर उच्च.मा.वि ले प्राप्त गरेको देखाइएको छैन । प्रशासनिक अनुदानमा ०.४३ प्रतिशत र मसलन्द अनुदानमा ०.१ प्रतिशत आम्दानी मनोहर उच्च मा.वि.ले देखाएको छ भने तिलिङ्गाटार उच्च मा.वि र वौडेश्वर उच्च मा.वि.ले यस शिर्षकमा कुनै आम्दानी देखाएको छैन । विभिन्न संघ संस्थाबाट आर्थिक सहयोग संकलन शिर्षकमा बौडेश्वर उच्च मा.वि.को आम्दानी १०.२९ प्रतिशत देखिन्छ । तर तिलिङ्गाटार उच्च मा.वि.र मनोहर उच्च मा.वि.को यस शिर्षकमा आम्दानी देखिएको छैन । यस बाट के भन्न सकिन्छ भने यी विद्यालयहरु मध्ये बौडेश्व र उच्च मा.वि.को आयस्रोत बढी छ भन्न सकिन्छ ।

बैंक व्याज शिर्षकमा राखी तीनवटा उच्च मा.वि. को आम्दानी देखाइएको छ । जसमध्ये मनोहर उच्च मा.वि को आय १.५७ प्रतिशत, तिलिङ्गाटार उच्च मा.वि.को आय ०.२५ प्रतिशत र वौडेश्वर उच्च मा.वि.को ०.३४ प्रतिशत देखिएको छ । घर भाडा र विमा शिर्षकमा तिलिङ्गाटार

उच्च मा.वि को आय १.२८ प्रतिशत छ भने मनोहर उच्च मा.वि को १.०३ प्रतिशत देखिएको छ भने वौडेश्वर उच्च मा.वि को यस शिर्षकमा आम्दानी देखिएको छैन ।

तिलिङ्गाटार उच्च मा.वि.ले पुस्तक, कापी तथा टाई वेल्टमा ०.४प्रतिशत, विज्ञापनमा ०.०७ प्रतशित र एस.एल.सी पुरस्कारमा १ प्रतिशत आम्दानी देखाएको छ । यस तथ्यबाट के प्रमाणित हुन्छ भने त्यहाको शैक्षिक उपलब्धि उच्च छ ।

मनोहर उच्च मा.वि.ले स्रोत व्यक्ति फिल्ड भत्ता ०.१४ प्रतिशत र विद्यालय स्तरीकरण शिर्षकमा ०.२८ प्रतिशत आम्दानी स्रोत देखाएको छ भने अन्य दुईमा यस शिर्षकमा केही पनि आम्दानी भएको देखिदैन । वौडेश्वर उच्च मा.वि.मा पुस्तकालय धरौटी वापत ०.५८ प्रतिशत रकम उठेको देखिन्छ भने यो शिर्षकमा बाँकी विद्यालयहरु अनविज्ञ देखिन्छन । विविध शिर्षक राखी तिलिङ्गाटार उच्च मा.वि.ले ४.६६ प्रतिशत र वौडेश्वर उच्च मा.वि.ले ०.१२ प्रतिशत आम्दानीको स्रोत खुलाएका छन् जसमा तिलिङ्गाटार उच्च मा.वि.को आम्दानी बौडेश्वर उ.मा.विको भन्दा बढी देखिएको छ । यस बाट के भन्न सकिन्छ भने तिलिङ्गाटार उच्च मा.वि.को आर्थिक पक्ष अन्य दुईको तुलनामा बलियो छ ।

अध्ययनको क्रममा प्रत्येक विद्यालयका प्र.अ, वि.व्य.स.का अध्यक्ष र लेखापाल सँग प्रश्नावली बाट जिज्ञासा राख्दा प्र.अ का अनुसार सरकारी अनुदान , जि.वि.स , गा.वि.स, उच्च शिक्षा परिषद र संघसंस्थाहरु प्राप्त हुने अनुदान र चन्दादान आम्दानिका बाह्य स्रोत हुन भने विद्यालयको आन्तरीक स्रोत अन्तर्गत विद्यार्थी अभिभावक बाट प्राप्त रकम र विद्यालयको चल अचल सम्पत्ति हुन भन्ने धारणा पाइयो । त्यस्तै विद्यालय व्यवस्थापन समिति र लेखापाल सँगको कुरामा विद्यालयको वित्तीय स्रोतहरु आन्तिरक र बाह्य दुवै रहेको र अपुग रकम चन्दा असुली र स्थानिय निकायबाट सहयोग मागी विद्यालयको आम्दानी बढाउन अन्य विकल्पहरु खोजी गर्ने प्रयास गर्ने भनाई रहेको पाइयो ।

उपरोक्त विश्लेषण आधारमा विद्यालयहरुको आम्दानीका स्रोतहरुमा सरकारी अनुदान, नगद तथा बैंक मौज्दात, विद्यार्थी भर्ना शुल्क, छात्रावृत्ति, बैंक व्याज, तलब भत्ता, घरभाडा, विमा, पुस्तक,कापी तथा टाई वेल्ट, विज्ञापन, पुरस्कार, प्रशासनिक अनुदान, मसलनद अनुदान, स्रोत

व्यक्ति फिल्ड भत्ता, विद्यालय स्तरीकरण, परीक्षा शुल्क, पुस्तकालय धरौटी र विविध रहेको पाइयो ।

### ४.१.३. विद्यालयको खर्चको विवरण

अध्ययनको छनौटमा परेका सम्बन्धित विद्यालयहरुको खर्च सम्बन्धि विवरण अनुसूची ६ अनुसार विश्लेषण गर्दा तीन वटै विद्यालयहरुले शिक्षक तथा कर्मचारीको तलब भत्तामानै ६० देखी ८४ प्रतिशत सम्म रकम खर्च गरेको देखिन्छ । तिलिङ्गाटार उच्च मा.वि ले यसलाई तलब भत्ता लाई सरकारी अनुदान तर्फको, विद्यालय निजिस्रोत तर्फको र उच्च मा.वि तर्फको गरी तीन शिर्षकमा खर्च गरेको देखिन्छ । त्यस्तै गरी मनोहर उच्च मा.वि ले सरकारी अनुदान र निजि स्रोत दूई भागमा बाडी खर्च देखाएको छ भने वौडेश्वर उच्च मा.वि ले तलब भत्ता (संचयकोष सहित) शिर्षकमा खर्च देखाएको छ। यी तीन वटै विद्यालयहरु मध्ये तिलिङ्गाटार उच्च मा.वि को खर्च ६०.८८ प्रतिशत देखिन्छ, मनोहर उच्च मा.वि को खर्च ७२.४५ प्रतिशत देखिन्छ र वौडेश्वर उच्च मा.वि.को खर्च ८४.३१ प्रतिशत देखिएको छ । यसका साथै मसलन्द तथा छपाई खर्च हेर्दा तीन वटा विद्यालयले यस मसलन्द तथा छपाई खर्चमा रकम ०.७१ देखी ०.०६ प्रतिशत रकम छुट्याएको देखिन्छ भने वौडेश्वर उच्च मा.विको खर्च सबैभन्दा बढी देखिएको छ भने मनोहर उच्च मा.वि.को खर्च मध्यम देखिएको छ । तर तिलिङ्गाटार उच्च मा.वि.को खर्च कम देखिन्छ ।

परीक्षा खर्च तर्फ हेर्दा यी तीनै विद्यालयले परीक्षा खर्च १ देखी ४ प्रतिशत सम्म रकम छुट्याएको देखिन्छ । तिलिङ्गाटार उच्च मा.वि.को परीक्षा खर्च अरु दुई मा.वि.को भन्दा तीन प्रतिशत बढी देखिन्छ भने मनोहर उच्च मा.वि.को १.०२ र वौडेश्वर उ.मा.वि.को १.५८ प्रतिशत लगभग बराबर जस्तै देखिन्छ । टेलीफोन महसुल शिर्षकमा मनोहर उच्च मा.वि र वौडेश्वर उच्च मा.वि.को खर्च देखाइएको छ जसमा वौडेश्वर उच्च मा.वि.को खर्च ०.७६ प्रतिशत देखिन्छ भने मनोहर उच्च मा.वि.को खर्च ०.३५ प्रतिशत देखिएको छ । तिलिङ्गाटार उच्च मा.वि. र बौडेश्वर उच्च मा.वि.ले यस खर्चलाई केबुल तथा वेभसाईट खर्चमा छुट्याएको देखिन्छ । जुन रकम तिलिङ्गाटार उच्च मा.वि.को ०.१६ प्रतिशत र बौडेश्वर उच्च मा.वि. को ०.०१ प्रतिशत छ ।

विद्युत तथा पानी महसुल मा तीन वटै उच्च मा.वि को खर्च देखिन्छ । तिलिङ्गाटार उच्च मा.वि.को विद्युत तथा पानी महशुल खर्च १.४२ प्रतिशत देखिन्छ भने वौडेश्वर उच्च मा.वि.को ०.७९ प्रतिशत देखिन्छ भने मनोहर उच्च मा.वि.को ०.०७ प्रतिशत देखिन्छ । शैक्षिक सामाग्री शिर्षकमा तीनवटै मा.वि.ले खर्च रकम देखाएका छन् । जसमध्ये मनोहर उच्च मा.वि.ले सबैभन्दा ०.२८ प्रतिशत खर्च छुट्याएको छ भने वौडेश्वर ले २.०२ प्रतिशत खर्च छुट्याएको देखिन्छ भने तिलिङ्गाटार उच्च मा.वि.को यस शिर्षकमा खर्च ०.०७ प्रतिशत देखिएको छ । पाठ्यपुस्तक शिर्षकमा तीन वटा विद्यालयमा खर्च रकम देखिन्छ । जसमा मनोहर उच्च मा.वि.को १.४३ प्रतिशत देखिन्छ भने वौडेश्वर उच्च मा.वि.को ०.९४ प्रतिशत देखिएको छ । तिलिङ्गाटार उच्च मा.वि.को यस शिर्षकमा खर्च ०.६६ प्रतिशत भएको छ । शैक्षिक सामग्री र पाठ्यपुस्तक शिर्षकमा भएको खर्चको विश्लेषण गर्दा मनोहर उच्च मा.विको १.७१ प्रतिशत , बौडेश्वर उच्च मा.वि.को ०.९६ प्रतिशत र तिलिङ्गाटर उच्च मा.वि को ०.७३ प्रतिशत देखिन्छ ।

छात्रावृक्ति शिर्षकमा तिलिङ्गाटार उच्च मा.वि र वौडेश्वर उच्च मा.वि को खर्च देखिन्छ भने मनोहर उच्च मा.वि. को खर्च देखिएको छैन । यस शिर्षकमा तिलिङ्गाटार उच्च मा.वि.को खर्च ०.८१ प्रतिशत देखिन्छ भने वौडेश्वर उच्च मा.वि को २.३४ प्रतिशत देखिन्छ । वौडेश्वर उच्च मा.वि को वैठक समारोह शिर्षकमा ०.५६ प्रतिशत, तिलिङ्गाटार उच्च मा.वि.को १.२१ प्रतिशत खाजा तथा अतिथि खर्चमा, र मनोहर उच्च मा.विको चियापान स्टाफ खर्चमा ०.५८ प्रतिशत खर्च देखिन्छ । माथिका शिर्षकमा खर्चको विश्लेषण गर्दा तिलिङ्गाटार उच्च मा.वि.को २.०२, मनोहर उ.मा.वि को ०.५८ प्रतिशत र वौडेश्वर उच्च मा.वि.को २.९० प्रतिशत खर्च देखिएको छ ।

यी विद्यालयहरुको अतिरिक्त क्रियाकलाप शिर्षकमा खर्चका विश्लेषण गर्दा तिलिङ्गाटार उच्च मा.वि र वौडेश्वर उच्च मा.वि.ले मात्र खर्च छुट्याएको देखिन्छ भने मनोहर उच्च मा.वि.ले खेलकुद तथा टाईबेल्ट खर्च भनी छुट्टै शिर्षकमा ०.४६ प्रतिशत खर्च देखाएको छ । तिलिङ्गाटार उच्च मा.वि.को अतिरिक्त क्रियाकलाप खर्च अरु दुई विद्यालयको तुलनामा अत्यन्त उच्च (१.२५ प्रतिशत) देखिन्छ । मनोहर उच्च मा.वि.को ०.४६ प्रतिशत देखिन्छ भने वौडेश्वर उच्च मा.वि.को ०.१ प्रतिशत देखिन्छ । तिलिङ्गाटार उच्च.मा.वि.को अतिरिक्त क्रियाकलाप खर्च अरु

दुई विद्यालयको तुलनामा उच्च देखिन्छ । मनोहर उच्च मा.वि.को मध्यम देखिन्छ भने बौडेश्वर उच्च मा.वि.को न्यून  देखिन्छ ।

यी विद्यालयहरुको निमार्ण तथा मर्मत संभार शिर्षकमा खर्चको विश्लेषण गर्दा तिलिङ्गाटार उच्च मा.वि.को १.७७ प्रतिशत देखिन्छ भने वौडेश्वर उच्च.मा.वि.को ०.६४  देखिन्छ । मनोहर उच्च मा.वि.को २.२५ देखिन्छ । यस विद्यालयको फर्निचर निमार्ण शिर्षकमा पनि खर्च देखिन्छ । कार्यक्रम, वार्षिक उत्सव तथा पुरस्कार शिर्षकमा तिलिङ्गाटार उच्च मा.वि.को १.४९ प्रीतशत र मनोहर उच्च मा.वि.को ०.०५ प्रतिशत खर्च देखिन्छ भने वौडेश्वर उच्च मा.वि.को विद्यालय जन्म जयन्ती शिर्षकमा ०.७६ प्रतिशत खर्च देखिएको छ । जसमा तिलिङ्गाटार उच्च मा.वि.को खर्च दुई विद्यालयको तुलनामा अत्यन्त उच्च देखिन्छ । मनोहर उच्च मा.वि.को तुलनामा वौडेश्वर उच्च मा.वि.को खर्च न्यून देखिन्छ । यसबाट तिलिङ्गाटार उच्च मा.वि.को खर्च उच्च, मनोहर उच्च मा.वि.को म्ध्यम र वौडेश्वर उच्च मा.वि.को खर्च न्यून देखिन्छ ।

विविध शिर्षकमा सबै विद्यालयहरुको खर्च देखिन्छ । जसमा तिलिङ्गाटार उच्च मा.वि.को खर्च ०.५९ प्रतिशत देखिन्छ भने वौडेश्वर उच्च मा.वि.को खर्च ०.०९ प्रतिशत देखिन्छ । मनोहर उच्च मा.वि.को खर्च ०.१४ प्रतिशत देखिन्छ । आर्थिक सहायता शिर्षकमा वौडेश्वर उच्च मा.वि को खर्च ०.१६ प्रतिशत देखिन्छ भने अन्य दुईको यस शिर्षकमा खर्च देखिएको छैन । त्यस्तै लेखा परीक्षण शुल्क शिर्षकमा तिलिङ्गाटार उच्च मा.वि.को ०.२ प्रतिशत र वौडेश्वर उच्च मा.वि.को ०.१८ प्रतिशत खर्च देखिन्छ भने मनोहर उच्च मा.वि.को खर्च देखिएको छैन । यस शिर्षकमा तिलिङ्गाटार उच्च मा.वि को खर्च वौडेश्वर उच्च मा.वि.को भन्दा लगभग चार गुणा बढि देखिएको छ । बैंक चार्ज शिर्षकमा वौडेश्वर उच्च मा.वि.को मात्रै खर्च ०.१८ प्रतिशत देखिन्छ ।

तिलिङ्गाटार उच्च मा.वि को पत्रपत्रिका र औषधी उपचारमा ०.१२ प्रतिशत, नवसन्देश स्मारिका र क्यालेण्डर प्रकासनमा ०.७५ प्रतिशत, विज्ञान प्रयोगशाला सामाग्रीमा ०.३९ प्रतिशत, ज्याला तथा ढुवानी र क्षमा पुजामा ०.११ प्रतिशत, शैक्षिक भ्रमण, शैक्षिक कार्याशाला गोष्ठि र सानीटेशनमा ०.७७ प्रतिशत, भौतिक सम्पत्ति खरिद र पेश्कि वाँकी शिर्षकमा ०.५८ प्रतिशत खर्च देखिन्छ भने अन्य दुई विद्यालयको यी शिर्षकहरुमा खर्च देखिएको छैन ।

अन्तिम बैंक मौज्दात शिर्षकमा तीन वटै  उच्च मा.वि को देखिन्छ भने वौडेश्वर उच्च मा.वि.को यस शिर्षकमा भने देखिएको छैन । तिलिङ्गाटार उच्च मा.वि.को अन्तिम बैंक मौज्दात खर्च १३.२२ प्रतिशत, मनोहर उच्च मा.वि.को १८.२६ प्रतिशत छ भने बौडेश्वर उच्च मा.वि.को ५.६९ प्रतिशत खर्च देखिन्छ । मनोहर उच्च मा.वि.को खाता खोल्न पेश्की ०.२५ प्रतिशत, बैकं कमिसन कर ०.०१ प्रतिशत, बैंकमा जम्मा ०.०७ प्रतिशत र कार्यालय सम्बन्धि शिर्षकमा ०.३५ प्रतिशत खर्च देखिएको छ यी माथिका शिर्ष्कमा मनोहर उच्च मा.वि.को  जम्मा खर्च १.७७ प्रतिशत देखिन्छ भने अन्य दुई विद्यालयको यी शिर्षकहरुमा खर्च देखिएको छैन । विमा शिर्षकमा तिलिङ्गाटार उच्च मा.वि.को खर्च ०.३९ प्रतिशत र मनोहर उच्च मा.वि.को खर्च ०.०४ प्रतिशत देखिन्छ भने बौडेश्वर उच्च मा.वि.को यस शिर्षकमा खर्च देखिदैन ।

विद्यालयको खर्चको वारेमा सम्बन्धित विद्यालयहरुको प्र.अ, लेखापाल र वि.व्य.स को अध्यक्ष सँग कुराकानी गरी राय बुझ्दा आम्दानि अनुसराको खर्च हुने गरेको छ तर कहिले काहि आम्दानि भन्दा खर्च बढी देखिएमा आपसी छलफल गरी विभिन्न संघ संस्था तथा दातृ निकायबाट सहयोग माग गर्ने र स्थानिय स्तरबाट केहि रकम चन्दा संकलन गरी खर्च जुटाउने कोशिस गर्ने कुरा पनि आएको देखियो ।

माथिको तालिका र विश्लेषणलाई हेर्दा सम्बन्धित विद्यालयहरुको खर्च तलब भत्ता अन्तर्गत स्वीकृत दरबन्दि, कर्मचारी र दरबन्दि बाहिरको शिक्षक, मसलन्द फर्निचर, छपाई, सेवा शुल्क, शैक्षिक सामग्री, भौतिक सामाग्री, पुस्तकालय, पत्रपत्रिका, परीक्षा, शैक्षिक भ्रमण, अतिरिक्त क्रियाकलाप, सभा समारोह, वार्षिक उत्सव, विज्ञापन खर्च, निमार्ण तथा मर्मत संभार, शौचालय निमार्ण, छात्रावृत्ति, बत्ति, पानी, विजुली केबुल तथा वेभसाइट खर्च, लेखा परीक्षण, विज्ञान प्रयोगशाला, पाठ्यपुस्तक खरिदमा खर्च रहेको पाइयो ।

### ४.१.४ विद्यालयको लेखा प्रणाली र आर्थिक लेखा प्रणाली

विद्यालयको आर्थिक स्रोत परिचालनलाई प्रभावकारी बनाई विद्यालयको लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि साथै विद्यालय व्यवस्थापन कार्यलाई प्रभावकारी सञ्चालन गर्नको लागि प्रत्येक विद्यालयले प्रचलित ऐन, नियम अनुसार लेखा प्रणालीको कार्यन्वयन गर्नु पर्ने हुन्छ ।

राष्ट्र उन्नतिको मुल आधार शिक्षा भएकोले शैक्षिक जनशक्तिको उत्पादन गर्ने थलो विद्यालय नै हो । देशको जुनसुकै क्षेत्रमा आवश्यक पर्ने मौलिक आधार स्तम्भ निर्धारण गर्ने ठाँउ विद्यालय नै हो । सामुदायिक विद्यालय विशुद्ध सेवाको भावनाले सञ्चालन गरिने सामाजिक संस्था भएकोले यस सँग सम्बन्धित सरोकारवालाको विश्वास जितेर उनीहरुमा विद्यालय प्रति अपनत्वको भावना बढाई थप स्रोतको सहयोग प्राप्त गर्ने वातावरण निमार्ण गर्न पनि विद्यालयले गर्ने हरेक गतिविधि पारदर्शी हुनु जरुरी छ । यसै सन्दर्भमा उपरोक्त शिर्षक सँग सम्बन्धित रहेर गरिएको छलफल, अन्तर्वाता, प्रश्नावली र दस्तावेजको अध्ययनबाट प्राप्त तथ्याङ्कको आधारमा निम्नानुसार विश्लेषण गरिएको छ ।

अध्ययनमा गरिएका विद्यालयहरु तिलिङ्गाटार उच्च मा.वि, मनोहर उच्च मा.वि र वौडेश्वर उच्च मा.वि मा विद्यालयको लेखा प्रणाली र आर्थिक लेखा प्रणाली प्रचलित शिक्षा ऐन र शिक्षा नियमावली अनुसारनै रहेको पाइयो । विद्यालयको आर्थिक अभिलेख र विद्यालय मुखपत्र दस्तावेज अध्ययनबाट यी तीनै वटा विद्यालयले आम्दानी र खर्चको विवरणलाई व्यवस्थित तरिकाले राख्ने गरेको पाइयो । उक्त विद्यालयहरुले विद्यालयको काम कारवाहिको सामाजिक परीक्षण सामाजिक परीक्षण समिति वाट गर्ने गरेको पाइयो । उक्त विद्यालयहरुको अन्तिम लेखा परीक्षणलाई वर्षको एकपटक विद्यालय व्यवस्थापन समिति, विद्यालयका शिक्षक तथा कर्मचारी र अभिभावक भेलामा प्रस्तुत गर्ने गरिएको पाइयो । तिलिङ्गाटार उच्च मा.वि र वौडेश्वर उच्च मा.वि.को आर्थिक स्थिति पारदर्शि देखियो भने मनोहर उच्च मा.वि मा आर्थिक पारदर्शिता नभएको गुनासो शिक्षक तथा अभिभावकमा रहेको पाइयो ।

## ४.२. विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनले पारेको प्रभाव

अनुसूची ५ र ६ लाई आधार मानी यस अध्ययनलाई अगाडी बढाउदाँ यस निष्कर्षमा पुग्न सकिन्छ कि नेपालमा खुलेका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर लगायत विभिन्न स्रोत साधनहरुको विकास एंव सुधारमा सम्बन्धित विद्यालयका सरोकारवालाहरुका हातमा रहेको देखिन्छ । हालमा देखिएको गिर्दो शैक्षिक गुणस्तर हुनुमा प्रमुख तत्व प्रयाप्त आर्थिक अभाव देखिन्छ भने उक्त आर्थिक पक्षले समग्र शैक्षिक उपलब्धि मानै हलचल ल्याएको पाइन्छ । विद्यार्थीको अनुपातमा विद्यालय भवन र कक्षा कोठा निमार्ण गर्न नसक्नु, आवश्यक मात्रामा

शिक्षक भर्ना गर्न नसक्नु, फर्निचरको व्यवस्था गर्न नसक्नु, शैक्षिक सामाग्रीको व्यवस्था गर्न नसक्नु, अतिरिक्त कियाकलाप र खेलकुदको लागि अतिरिक्त कियाकलाप कक्ष र खेलमैदानको व्यवस्था गर्न नसक्नु, विषयगत रुपमा प्रयोगशाला र सामग्री को व्यवस्था गर्न नसक्नु, शिक्षक , विद्यार्थी र अभिभावका बिचमा सुमधुर सम्बन्ध स्थापित गर्न नसक्नु आदि समस्याहरुले विद्यालय व्यवस्थापनको साथ साथै शैक्षिक क्षेत्रलाई नै नराम्रो प्रभाव पारेको पाइन्छ ।

उपरोक्त भौतिक एवम् शैक्षिक पक्षको राम्रो व्यवस्थापन भएका सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि पनि उच्च रहेको पाईन्छ । शिक्षा दिने प्रमुख दायित्व सम्बन्धित सरकारको हुन्छ । सरकारले नेपाल जस्तो गरिब मुलुकका लागि शिक्ष क्षेत्रमा छुट्याएको वार्षिक बजेट अपुग नै देखिन्छ भने त्यस्तै गरी विनियोजित बजेटको उचित परिचालन तथा सदुपयोगका लागि प्रमुख जिम्मेवार सम्बन्धित समितिको हुन आउँछ भने उक्त विद्यालयका प्र.अ, र वि.व्य.स का पदाधिकारीहरुको कार्यकुशलता र क्षमतामा पनि विद्यालय व्यवस्थापन निर्भर रहेको हुन्छ ।

विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव अध्ययन छनौटमा परेका सम्बन्धित विद्यालयहरुको भौतिक विवरण र शैक्षिक विवरणलाई आधार मानेर विद्यालय व्यवस्थापनमा वित्तीय  स्रोत परिचालनने पारेको प्रभाव विश्लेषण निम्न अनुसार गरिएको छ ।

### ४.२.१ विद्यालयको भौतिक सम्पति विवरण

छनौटमा परेका सामुदायिक विद्यालयहरुको भौतिक सम्पत्ति विवरणलाई निम्नानुसार तालिकिकरण गरी तुलनात्मक रुपमा व्याख्या तथा विश्लेषण गरिएको छ ।

**तालिका ३ विद्यालयको भौतिक सम्पत्ति विवरण**

| सि.न | विद्यालयको नाम | विद्यालयको नाममा भएको जग्गा | विद्यालयको भवन कोठा संख्या |
|---|---|---|---|
| १ | तिलिङ्गाटार उच्च मा.वि | १८-०-० रोपनी | ४/३८ कोठा |
| २ | मनोहर उच्च मा.वि | २-७-० रोपनी | ३/२५ कोठा |
| ३ | वौडेश्वर उच्च मा.वि | १-१२-० रोपनी | ३/२१ कोठा |

स्रोत : विद्यालयको भौतिक सम्पत्ति विवरण (२०६५/६६)

माथिको तालिकालाई विश्लेषण गर्दा तीन वटै विद्यालय मध्ये तिलिङ्गाटार उच्च मा.वि.को नाममा रहेको जग्गा बाँकी दुई विद्यालयको भन्दा धेरै बढी भएको पाइयो भने मनोहर उच्च मा.वि र वौडेश्वर उच्च मा.वि को नाममा रहेको जग्गा थोरै भएको पाइयो ।

त्यस्तै तिलिङ्गाटार उच्च मा.वि.को भवन संख्या र कोठा संख्या मनोहर उच्च मा.वि र वौडेश्वर उच्च मा.वि को भन्दा धेरै भएको देखिन्छ । मनोहर उच्च मा.वि र वौडेश्वर उच्च मा.वि को भवन संख्या वराबर भए तापनि मनोहर उच्च मा.वि.को कोठा संख्या बढी र वौडेश्वार उच्च मा.वि.को कोठा संख्या कम देखिन्छ ।

तिलिङ्गाटार उच्च मा.वि भौतिक स्रोत साधनले सम्पन्नछ । यस विद्यालयमा आधुनिक विज्ञान प्रयोगशाला, पुस्तकालय, प्रशासनिक कक्ष, शिक्षक कक्ष, कम्प्युटर ल्याव, संस्कृतिक कक्ष, अडियो भिडियो, गणित ल्याव र खेलकुद तथा अन्य अतिरिक्त क्रियाकलापको लागि आवश्यक पूर्वाधार समेत प्रयाप्त मात्रामा रहेको पाइयो । विद्यालयको भौतिक संरचना र शैक्षिक व्यवस्थापन प्रयाप्त रहेकोले शैक्षिक उपलब्धि र विद्यालयको व्यवस्थापन प्रभावकारी छ भन्न सकिन्छ ।

नेपालको राजधानी काठमाण्डौ बाट उत्तर शिवपुरी आरक्षणको काखमा रहेको विकट ठाँउमा वौडेश्वर उच्च मा.वि अवस्थित छ । यस मा.वि.को भौतिक संरचना र खेलमैदान साँघुरो भएतापनि विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव, प्रशासनिक कक्ष र शिक्षक कक्षको व्यवस्था गरिएको छ ।

काठमाण्डौ चक्रपथको नजिक अवस्थित मनोहर उच्च मा.वि.मा स्रोतकेन्द्र रहेको छ । यस विद्यालयको भौतिक संरचना जिर्ण अवस्थामा छ । २५ कोठाहरु निमार्णधिन् छन् । आधा भन्दा बढि कोठाहरु झ्याल ढोका नभएको स्थिति छ । भऱ्याङ्गमा रेलिङ्ग छैन ।

उपरोक्त तथ्यका आधारमा तिलिङ्गाटार उच्च मा.वि.को वित्तीय स्रोत परिचालन प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिन्छ यसबाट के प्रमाणीत हुन्छ भने यस विद्यालयको विद्यालय व्यवस्थापन प्रभावकारी देखिन्छ । त्यस्तै मनोहर उच्च मा.वि भन्दा वौडेश्वर उच्च मा.वि.को आयस्रोत न्यून देखिन्छ तर वित्तीय स्रोत प्रभावकारी रुपमा परिचालन भएरनै वौडेश्वर उच्च

मा.वि.को भौतिक संरचना मनोहर उच्च मा.वि.को भन्दा सुविधा सम्पन्न छ। यस तथ्य बाट के प्रमाणीत हुन्छ भने वित्तीय स्रोत परिचालन प्रभावकारी भएको विद्यालयको भौतिक संरचना सुविधा सम्पन्न छन् भने वित्तीय स्रोत परिचालन प्रभावकारी नभएको विद्यालयको भौतिक संरचना जिर्ण देखिन्छ। यसको प्रत्यक्ष सम्बन्ध विद्यालय व्यवस्थापन सँग हुन्छ।

### ४.२.२. विद्यालयको शैक्षिक विवरण :

अध्ययन छनौटमा परेका विद्यालयको शैक्षिक विवरण अन्तर्गत विद्यालयको शिक्षक विद्यार्थी विवरण र एस.एल.सी को नतिजा विश्लेषणलाई आधार बनाईएको छ।

**तालिका ४ विद्यालयको शिक्षक विद्यार्थी संख्या**

| सि.न | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | तिलिङ्गाटार उच्च मा.वि | ४१ | १५३९ |
| २ | मनोहर उच्च मा.वि | २५ | ६८५ |
| ३ | वौडेश्वर उच्च मा.वि | ३४ | ५४८ |

स्रोत : विद्यालय अभिलेख (२०६६)

माथिको तालिकामा विद्यार्थी संख्या र शिक्षक संख्यालाई आधार मानेर विद्यार्थी संख्या हेर्दा तिलिङ्गाटार उच्च मा.वि मा विद्यार्थी संख्या र शिक्षक संख्या बढी देखिन्छ भने वौडेश्वर उच्च मा.विमा सबैभन्दा कम देखिन्छ। जवकी मनोहर उच्च मा.वि.को मध्यम खालको देखिन्छ। यस तालिकामा प्रत्येक विद्यालयमा प्रति शिक्षक विद्यार्थी संख्या १६.११ देखी ३७.५३ देखिन्छ।

**तालिका ५ विद्यालयको एस.एल.सी नतिजा २०६६**

| सि.न | विद्यालयको नाम | परीक्षामा सम्मीलीत विद्यार्थी संख्या | उतिर्ण संख्या | उतिर्ण प्रतिशत |
|---|---|---|---|---|
| १ | तिलिङ्गाटार उच्च मा.वि | ८३ | ७५ | ९०.४% |
| २ | मनोहर उच्च मा.वि | १०६ | ३८ | ३५.८४% |
| ३ | वौडेश्वर उच्च मा.वि | ५६ | ४७ | ८३.९३% |

स्रोत : विद्यालय अभिलेख (२०६६)

त्यस्तै गरी एस.एल.सी नतिजालाई व्याख्या विश्लेषण गर्दा तीन वटा विद्यालयहरु मध्ये तिलिङ्गाटार उच्च मा.वि.को ९०.४ प्रतिशत र वौडेश्वर उच्च मा.वि को ८३.९३ प्रतिशत देखिन्छ भने मनोहर उच्च मा.वि.को३५.८ प्रतिशत छ । यि दुई विद्यालयको तुलनामा मनोहर उच्च मा.वि.को शैक्षिक उपलब्धि निकै कम देखिन्छ। यसको प्रमुख कारक तत्व वित्तीय स्रोतको प्रभावकारी परिचालननै हो । आर्थिक स्थिति जे भएतापनि त्यसलाई समुचित ढंगले परिचालन र व्यवस्थापन गर्ने काम सम्बन्धित विद्यालयका प्र.अ र वि.व्य.स को हो । उनीहरुबाट वित्तीय स्रोतको पिरिचालन राम्रो सँग गरेका खण्डमा त्याहाको विद्यालय व्यवस्थापन प्रभावकारी हुनुको साथै शैक्षिक गुणस्तर वृद्धि गर्न मद्दत पुग्छ।

तिलिङ्गाटार उच्च मा.वि.को शैक्षिक नतिजा मात्र होइन अन्य सेवा सुविधा तथा भौतिक पूर्वाधारमा पनि निजी भन्दा कम छैन । यस विद्यालयको अवलोकन गर्दा शैक्षिक विकासका लागि आधारभुत तत्वले सजिएको सफ,सुन्दर कक्षाकोठाको व्यवस्थापनलेनै विद्यार्थीलाई पढाई रहेको अनभुति हुन्छ। यसको प्रमुख कारण नै वित्तीय स्रोत परिचालनले विद्यालय व्यवस्थापनमा पारेको सकारात्मक प्रभावले हो।

अनुसूची ५ अनसार मनोहर उच्च मा.वि.को आम्दनी वौडेश्वर उच्च मा.वि.को भन्दा बढी छ तर यस विद्यालयको खर्च भौतिक पूर्वाधार विकास र शैक्षिक विकास मा भन्दा अन्यमा बढी देखिन्छ । त्यसैले मनोहर उच्च मा.वि.को शैक्षिक उपलब्धि ३५.८ प्रतिशत देखिन्छ । मनोहर उच्च मा.वि.ले वित्तीय स्रोत परिचालन प्रभावकारी रुपमा गर्न नसक्नाले यस विद्यालयको विद्यालय व्यवस्थापन प्रभावकारी हुन सकेको छैन। तर वौडेश्वर उच्च मा.वि.ले सिमित स्रोत र

साधनलाई यथोचित रुपमा विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनमा लगानी गरेकोले यसको शैक्षिक उपलब्धि ८३.९३ प्रतिशत छ जुन मनोहर उच्च मा.वि.को भन्दा ज्यादै उत्कृष्ट छ । यस विद्यालयमा वित्तीय स्रोत परिचालनको राम्रो प्रभाव भएरनै विद्यालय व्यवस्थापन प्रभावकारी देखिएको छ ।

### ४.२.३ विद्यालयको आर्थिक योजनाको अवस्था

विद्यालयको आर्थिक व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि हरेक विद्यालयले अल्पकालिन एवम् दिर्घकालिन आर्थिक योजना बनाउनु पर्ने प्रावधान रहेको छ । यस अन्तर्गत विद्यालयको बजेट व्यवस्था पनि पर्दछ । विद्यालयले विद्यालय सुधार योजना निमार्ण गर्दा होस् वा वार्षिक बजेट निमार्ण गर्दा जति सरोकारवाला को निर्णय प्रक्रियामा सहभागिता बढाईन्छ त्यतीनै त्यसले विद्यालयप्रति अपनत्वको भावना बढ्न गई योजना कार्यान्वयनमा सहजता देखिन्छ । यसै सन्दर्भमा उल्लेखित शिर्षकसँग सम्बन्धित वास्तविक अवस्था पहिचान गर्न प्र.अ अभिभावक, वि.व्य.स का पदाधिकारी सँग छलफल गर्नुको साथै विद्यालयको रेकर्डलाई आधार बनाईएको थियो । छलफल र विद्यालय दस्तावेजबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा निम्नानुसारको विवरण प्राप्त भयो ।

अध्ययन गरिएका सबै विद्यालयहरुको विद्यालय सुधार योजना निमार्ण गरेको पाइयो । तर उक्त योजना निमार्ण प्रक्रिया त्यसमा सरोकारवालाको सहभागिता र कार्यान्वयनका अवस्थामा भने ठुलो भिन्नता देखिन आयो उक्त विद्यालयहरुले निमार्ण गरेको योजनलाई अध्ययन गर्दा स्रोत साधनको आँकलनमा अस्पष्टता, कार्यक्रम र बजेट विचमा असन्तुलन एवम् कार्यक्रमको प्राथमिकता अभाव जस्ता कमजोरी पाइयो । यसको सकारात्मक पक्षमा विद्यालयहरुले उक्त योजना तथा वार्षिक बजेट निमार्ण गर्दा सरोकारवालाको सहभागितालाई प्राथमिकता राखेको पाइयो । प्रत्येक विद्यालयले विद्यालयको पञ्चवर्षिय योजना बनाएको पाइयो । अध्ययनको निष्कर्ष अनुसार विद्यालयहरुले निमार्ण गरेका योजना र कार्यान्वयन प्रक्रियालाई हेर्दा उपलब्ध स्रोत साधनलाई अधिकत्म उपलब्धि हासिल हुने ढंगले परिचालन गरी कार्यान्वयन गर्नमा कमजोर नै देखिन्छ । मानव सम्बन्ध सिद्धान्तलाई कार्यान्वयन गर्न प्रयासरत रहे तापनि उल्लेख्य सफलता पाउन नसकेको देखिन्छ ।

### ४.३. वित्तीय स्रोत परिचालनमा देखिएका समस्याहरु

विश्व मानव समुदायमा सही तरिकाले शिक्षाको व्यवस्थापन गर्न सकेमा एउटै शिक्षित व्यक्तिले पनि सिंगो समाजलाई नै रुपान्तरित गर्न सक्छ जसको लागि दिइने शिक्षा नैतिक र व्यवहारीक रुपले सार्थक र जिवनोपयोगी हुनु जरुरी छ । भाषाको ज्ञान, विज्ञानको खोज, साहित्यका ठेली र इतिहासका दस्तावेज मात्र शिक्षाको घोतक होइन समय सापेक्ष व्यवहारीक शिक्षानै वास्तविक शिक्षा हो । व्यत्तिगत जिवन निर्वाह र अर्थोपार्जनको सुलभ बाटोको खोजिमा असरल्ल पर्नुको सट्टा शिक्षाले त जिपनपयोगी सिप, व्यवहार, आविस्कार र चिन्तन दिनुपर्दछ ।

विद्यालयको व्यवस्थापन पक्षलाई गतिशिलता दिने कार्य वित्तिय स्रोतको प्रभावकारी परिचालनबाट नै सम्भव हुन्छ । यस अध्ययनमा प्राथमिक र द्बितिय स्रोत बाट प्राप्त तथ्याङ्क र जानकारीलाई वित्तिय स्रोत परिचालनमा देखिएका समस्याहरुको रुपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

#### ४.३.१ आँकाडाको पूर्वानुमान गर्न कठिनाई

हाम्रो जस्तो विकासोन्मुख मुलुकमा एकातिर शिक्षाको स्तर बढाउनुपर्ने छ भने अर्कोतिर शिक्षामा सबैको समान पहुँच पुऱ्याउनुपर्ने आवश्यकता रहेको हुदाँ  भावि लगानीको लागि यकिन आँकडा तयार गर्न कठिन प्राय हुन्छ । अनुसूची ६ अनुसार विद्यालयको चालु खर्चको ६०.८८ प्रतिशत देखी ८४.३१ प्रतिशत रकम शिक्षक तथा कर्मचारीको तलब भक्ता शिर्षकमा खर्च भएको देखिन्छ । जुन के कतिका दरले बढ्ने हो वा कुन सुविधा बढ्ने हो वा घट्ने हो यकिन गर्न सकिदैन । यसमा सरकारी नीतिगत अन्योलले पनि असर पार्दछ । उदाहरणका लागी सरकारी नीतिगत तवरबाट कहिले प्राथमिक तहसम्मको शिक्षा निःशुलक भनी घोषणा गरिन्छ । फेरी निःशुलकको विभिन्न अर्थ लगाईन्छ (जस्तै पढाई शुल्क, प्रवेश र पुनः प्रवेश शुल्क मात्र निःशुलक) । यसरी नीतिगत अन्योलले पनि शैक्षिक लगानीको पूर्वनुमान गर्न कठिन हुन्छ  ।

### ४.३.२. कार्यक्रम र बजेटको आपसी पारदर्शीताको अभाव

कुनै पनि शैक्षिक कार्यक्रम सम्पन्न गर्दा छुट्टाईएको रकम बाट के कति बाधा अड्चनहरु आई परे ? रकम प्रयाप्त थियो वा थिएन ? अव अस्तो कार्यक्रमको लागि के कति आर्थिक स्रोतको आवश्यकता पर्दछ ? भन्ने लेखाजोखा गरेको पाईएन । विद्यालयमा जति रकम प्राप्त भएको हुन्छ त्यो सबै जसरी भए पनि खर्च गर्ने परिपाटि रहेको पाइाये । जुन शिर्षकको लागि जति रकम प्राप्त भएको छ, त्यही शिर्षकमा त्यती नै लगानी गरीएको छैन । जस्तै मनोहर उच्च उ.मा.वि.को. विद्यालय स्तरीकरण शिर्षकमा २.३५ प्रतिशत आम्दानी देखिन्छ । यस शिर्षकमा खर्च भएको देखिदैन । विद्यालय सुधार योजना निमार्ण गरिएको छ । तर विद्यालय सुधार गर्न प्रति विद्यार्थी ईकाई दरका आधारमा विद्यालयलाई एक मुष्ट अनुदान कति उपलब्ध गराउनु पर्ने त्यसको एकिन गरिएको छैन ।

### ४.३.३. विद्यालयको भौतिक तथा शैक्षिक योजनामा कम लगानी हुनु

विद्यालय व्यवस्थापन भित्र भौतिक व्यवस्थापन र शैक्षिक व्यवस्थापन पनि पर्दछ । विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनलाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि वित्तिय स्रोत परिचालनको आवश्यकता पर्दछ । अध्ययनमा समेटिएका विद्यालयहरुले ०.६४ देखी २.२५ प्रतिशत सम्म निर्माण तथा मर्मत संभार खर्च छुट्याईएको छ । यो रकम विद्यालयको भौतिक व्यवस्थापनको लागि अति कम देखिन्छ यि विद्यालयहरुले शैक्षिक सामग्री खर्चमा ०.०२ देखी ०.२८ प्रतिशहत, पाठ्यपुस्तकमा ०.६६ देखी १.४३ प्रतिशत, खेलकुद तथा अतिरिक्त क्रियाकलापमा ०.१ देखी १.२५ प्रतिशत, शैक्षिक भ्रमण, कार्याशाला, गोष्ठि र सानीटेशनमा ०.७७ प्रतिशत रकम खर्च गरेको देखिन्छ । यो रकम विद्यालयको शैक्षिक क्षेत्र विकासका लागि ज्यादै कम देखिन्छ । विद्यालय व्यवस्थापक, शिक्षक, कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न मागमा आधारित तालिमको लागि कुनै शिर्षकमा बजेट छुट्याएको देखिएको छैन । अधिकांश बजेट शिक्षक तथा कर्मचारी तलब भत्तामा नै खर्च हुनुले विद्यालयको भौतिक ताथा शैक्षिक क्षेत्रमा लगानि कम भै रहेको छ । यसको प्रत्यक्ष प्रभाव विद्यालय व्यवस्थापन र शैक्षिक व्यवस्थापमा परेको देखिन्छ ।

उपरोक्त समस्याको साथै  शैक्षिक भ्रमण शैक्षिक गोष्ठिमा विद्यार्थीलाई कम सरीक गराउनु अभिभावक विद्यार्थी र शिक्षकको विचमा सुमधुर सम्बन्ध स्थापित हुन नसक्नु, विद्यार्थीहरुमा स्वच्छ प्रतिस्पर्धात्मक भावनाको कमि, शैक्षिक सरोकारवालाहरुले दिइएको जिम्मेवारी वहन गर्न नसक्नु समय सापेक्षित जीवनउपयोगी सिप, व्यवहार र चिन्तन विद्यालय शिक्षाले दिन नसक्नु, घरपरिवारले गरेको खर्चलाई लागीनमा समावेश नगरिनु, विद्यालय परिवार भित्र वैचारीक समन्वयको अभाव, प्रश्नपत्रको भण्डार नहुनु, उपयुक्त पाठ्यपुस्तक र शिक्षण सामग्रीमा ध्यान पुऱ्याउन नसक्नु, शैक्षिक शत्रको सुरुमानै बजेट वर्गीकरण नगरिनु र आर्थिक पक्षको उचित व्यवस्था हुन नसक्नुलाई समस्याको रुपमा उल्लेख गरिन्छ ।

### ४.४. वित्तीय स्रोत  परिचालनमा देखिएका समस्या सामाधानका उपायहरु

अध्ययनको छनौटमा परेका सामुदायिक विद्यालयहरुको वित्तीय स्रोत परिचालनमा देखिएका समस्याहरु सामाधान गर्न सम्बन्धित पक्षहरुले खेल्न सक्ने भुमिकालाई प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा निम्न अनुसार विश्लेषण गरिएको छ ।

#### ४.४.१. प्र.अ, लेखापाल तथा शिक्षकहरुले खेल्न सक्ने भूमिका

सम्बन्धित विद्यालयका प्र.अ, लेखापाल तथा शिक्षकलहरुले आफ्नो विद्यालयको वित्तीय स्रोतको समस्या सामाधान गर्नका लागि आफुभन्दा माथिल्लो निकाय जि.शि.का बाट आवश्यक रमको लागि माग गर्नु  पर्दछ । त्यहाँबाट अपुग भएको रकमको लागि वि.व्य.स को अध्यक्षतामा आर्थिक संकलनका लागि चन्दा वा अरु कुनै स्रोतबाट रकम संकलन गरी वित्तीय स्रोत मजबुत बनाउनु पर्दछ । जसले गर्दा शैक्षिक उपलब्धिमा र विद्यालय व्यवस्थापनका सम्पूर्ण पक्षमा कुनै असर नपरोस् ।

विद्यालयको वित्तीय स्थिति सुधारका लागि प्र.अ र लेखापाल सँग गरिएको प्रश्नावलीको उत्तरमा उनिहरुले आफुले सकेजति आफ्नोतहबाट वित्तीय स्रोत संकलन गर्ने गरेको र नपुग भएमा आपसी छलफलबाट स्थानिय निकाय र अन्य दातृ निकायबाट सहयोगको माग गर्छौं भन्ने कुरा प्राप्त भयो । सबै विद्यालयका प्र.अ का भनाई अनुसार हामीले कुनै विकास कार्य गर्नुपऱ्यो भने

त्यसको अनुमानित बजेट निर्धारण गरी सो रकम जि.शि.का.मा पेश गर्छौं र सो बराबरको रकम माग गर्छौ । तर सो रकम पुरै निकासा नभएको अवस्थामा अपुग रकम गा.वि.स बाट माग गर्ने, समुदायबाट चन्दा सहयोग र श्रमदान माग गरी वित्तीय स्रोत संकलन गर्ने गरेका छौ । त्यस सहयोग रकम विद्यालयको भौतिक र शैक्षिक विकासमा खर्च गर्दछौ भन्ने धारणा प्राप्त भयो । विद्यालयको वित्तीय स्थितीलाई बजबुत बनाउनको लागि नेपाल सरकार, स्थानिय निकाय र शैक्षिक क्षेत्रमा लगानी गर्न इच्छुक सरकारी तथा गैर सरकारी निकाय र संघ संस्थाहरुसँग हार गुहार माग्नु पर्ने देखिन्छ ।

### ४.४.२. विद्यालय व्यवस्थापन समितिले खेल्न सक्ने भूमिका

वि.व्य.स ले आफ्नो विद्यालयको प्र.अ को मद्दतले जिल्ला शिक्षा कार्यालयमा गई आवश्यक रकमको माग गर्नु पर्दछ र अपुग रकमका लागि स्थानिय स्तर र सरोकारवालाहरुबाट हुन सक्ने चन्दा, दान, सहयोग उठाई विद्यालयको वित्तीय स्थिति मजबुत गर्न सहयोग गर्नुपर्दछ । जसले गर्दा विद्यालयको वित्तीय स्रोत बजबुत हुन्छ र विद्यालय व्यवस्थापन प्रभावकारी हुनुको साथै शैक्षिक उपलब्धि विकासमा मद्दत पुग्दछ ।

अध्ययनको छनौटमा परेका विद्यालयहरुका वि.व्य.स का अध्यक्ष सामु राखिएको विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको लागि कुन पक्ष बढी जिम्मेवारी हुन्छ भन्ने प्रश्नावलीको उत्तरमा तीन वटै विद्यालयको वि.व्य.स का अध्यक्षले वित्तीय स्रोतनै बढी जिम्मेवारी हुन्छ भन्ने धारणा व्यक्त गरेका छन् । विद्यालय व्यवस्थापनलाई बढी प्रभावकारी र उपलब्धिपूर्ण बनाउनका लागि हामिले चन्दादान, श्रमदान तथा विद्यालयमा विशेष प्रकारका पर्व तथा उत्सवहरुमा कार्यक्रम आयोजना गरी वित्तीय स्रोत संकलन गरी विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर विकासमा लगाएका छौ भन्ने बताईयो । त्यस्तै गरी अन्य सरकारी तथा गैर सरकारी निकायहरु सँग अर्थ संकलन गर्न सकिने र समुदायमा आर्थिक रुपले सम्पन्न व्यक्तिहरुलाई चन्दा सहयोग गर्न प्रोत्साहन गर्न सकिने कुराहरु बताएको पाइयो । त्यस्तै गरी शिक्षा मनत्रालय, जि.वि.स, नगरपालिका, उच्च शिक्षा परिषद, गा.वि.स मा गएर पनि विद्यालयको लिागि आर्थिक संकलन गरेको तथ्य प्राप्त भएको पाइयो यसरी संकलीत वित्तीय स्रोतको बाँडफाड योजना अनुसार गरी कार्यान्वयनमा

ल्याउन सके विद्यालय व्यवस्थापनका साथ साथै शैक्षिक गुणस्तरमा पनि अशा गरे अनुसार उपलब्धि हासिल गर्न सकिन्छ ।

### ४.४.३. अभिभावकहरुले खेल्न सक्ने भूमिका

अभिभावहरुले पनि आफ्ना छोराछोरीहरु को लागि विद्यालय शिक्षामा लगानी गरेका हुन्छन । तर त्यसको हिसाब किताब र लेखाजोखा  गरिएको पाइदैन । अभिभावहरुले आफ्ना वालवालिका पढ्ने विद्यालयको आर्थिक स्थिति कस्तो छ र कहाँकहाँ कसरी खर्च भै रहेको छ भन्ने जानकारी लिनुपर्छ । त्यसका साथ साथै आफुले गर्न सक्ने चन्दादान वा श्रमदान गरी विद्यालयको वित्तीय स्थिति सुधारमा सक्दो योगदान पुऱ्याउनु पर्दछ । किनकी वित्तीय स्रोत संकलन र परिचालनकै कारणले विद्यार्थीहरुले प्राप्त गर्ने शैक्षिक उपलब्धिम कुनै असर नपरोस । अभिभावकहरु विद्यालयमा विद्यार्थी भर्ना गर्न, परीक्षा शुल्क तीर्न, विद्यालयको वार्षिक उत्सव तथा अन्य पर्वहरुमा जाने गरेको तर विद्यालयको आय व्यय विवरण र बजेट कार्यक्रम प्रस्तुत गर्ने क्रममा घर आउने गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अभिभावकहरुले प्रत्यक्ष र अप्रतयक्ष रुपमा विद्यालयको आर्थिक संकलन र परिचालनमा सहभागिता  जनाएका तर विद्यालयको वित्तीय स्रोत परिचालनको प्रभावकारीता तर्फ त्यती चासो नदिने गरेको पाइयो । विद्यार्थीको शैक्षिक गुणस्तर वृद्धि गर्नुको साथै विद्यालय व्यवस्थापनलाई व्यवस्थित बनाई सञ्चालन गर्नका लागि शिक्षक विद्यार्थी र अभिभावक तीनै पक्षको महत्वपूर्ण भूमिका हुन्छ । सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्नुपर्दछ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

अध्ययन छनोटमा परेका विद्यालयहरुको तथ्याङ्क संकलन प्रकृया बाट प्राप्त भएको तथयाङ्कको विस्तृत व्याख्या तथा विश्लेषण गरी प्राप्त भएको जानकारीको आधारमा प्राप्ति, निष्कर्ष र सुझाव निकालिएको छ । अनुसन्धानकर्ताले थप अनुसन्धानको लागि आवश्यक ठानेको सिफारिसहरुलाई यस खण्डमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ५.१. प्राप्ति

प्रत्येक विद्यालयहरुले लेखा प्रणाली राख्ने गरेको र प्रत्येक वर्ष आर्थिक लेखा परीक्षण गराउने गरेको पाइयो ।

विद्यालय सुधार योजना निमार्णमा स्रोत साधानको आँकलनमा अस्पष्टता, कार्यक्रम र बजेट विचमा असन्तुलन एवम् कार्यक्रमको प्राथमिकता अभाव जस्ता कमजोरी पाइयो ।

प्रत्येक विद्यालयले विद्यालयको कामकाजको सामाजिक परीक्षण सामाजिक लेखा परीक्षण समितिबाट गर्ने गरेको पाइयो । विद्यालय व्यवस्थापनको लागि चाहिने वित्तीय स्रोतहरु आन्तरिक र बाह्य दुबै स्रोतबाट संकलन गर्ने गरेको पाइयो । अनुदान र विद्यार्थी भर्ना शुल्क बाट ६४.१९ प्रतिशत देखी ८८.६३ प्रतिशत सम्म आम्दानी हुने गरेको पाइयो ।

विद्यालयले प्राप्त गर्ने आयस्रोतहरु मध्ये सबै भन्दा ठुलो हिस्सा शिक्षक तथा कर्मचारीको तलब र भत्तामा ६०.८८ प्रतिशत देखी ८४.३१ प्रतिशत सम्म खर्च हुने गरेको पाइयो । शैक्षिक सामाग्री खरिदमा ०.०२ देखी ०.२८ प्रतिशत खर्च हुने गरेको पाइयो जसले गर्दा विद्यालयलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरुको खरिदमा बजेटको अभाव देखिन्छ । वित्तीय स्रोतको अभाव देखिनुमा प्राथमिक शिक्षा निःशुल्क भनी घोषणा गर्ने अन्यौलपूर्ण सरकारी निति पनि पाइयो ।

विद्यालयको लगानीकर्ताहरुमा सरकारी अनुदान, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, स्थानीय निकाय, समुदाय र अभिभावकहरु रहेको पाइयो ।

शिक्षण संस्थाहरुलाई अनिवार्य एवम् स्वच्छिक रुपमा प्रदान गरिने, दान दाताव्य समाजको फाईदा र गुणस्तरीय शिक्षाको लागि नै दिने गरेको पाइयो ।

सिमित स्रोत साधान भएतापनि त्यसको उचित बाँडफाँड गरी परिचालन गरेमा बढी शैक्षिक उपलब्धि हासिल गर्न सकिने जानकारी बौडेश्वर उच्च मा.वि.को एस.एल.सी नतिजा ८.९३ प्रतिशत बाट पाइयो ।

वित्तीय स्रोत परिचालन प्रभावकारी रुपमा गर्न नसक्दा शैक्षिक उपलब्धिको साथै विद्यालय व्यवस्थापन पनि प्रभावकारी हुन नसक्ने तथ्य मनोहर उच्च मा.वि.को ३५.८४ प्रतिशत एस.एल.सी नतिजा र जिर्ण भौतिक संरचनाले प्रमाणित गरिदिएको छ ।

सामुदायिक विद्यालय व्यवस्थापनमा वित्तीय स्रोतको परिचालन प्रभावकारी रुपमा गरेमा स्तरीय शिक्षा पाउनको लागि निजि विद्यालयनै धाउनु पर्छ भन्ने मान्यतालाई तिलिङ्गाटार उच्च मा.वि.को ९०.४ प्रतिशत र बौडेश्वर उच्च मा.वि.को ८३.९३ प्रतिशत एस.एल.सी नतिजाले गलत सावित गरिदिएको छ ।

विद्यालयको शैक्षिक तथा वित्तीय स्थिति सुर्धानको लागि वि.व्य.स,प्र.अ,शिक्षक तथा कर्मचारी र विद्यार्थी तथा अभिभावकको आ-आफ्नो  क्षेत्रबाट आवश्यक सहयोग गर्नुपर्ने जानकारी पाइयो ।

विद्यालय व्यवस्थापक, शिक्षक तथा कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न मागमा आधारीत तालिमको व्यवस्था गर्नुपर्ने देखिएको छ ।

तिलिङ्गाटार उच्च.मा.वि.को र वौडेश्वर उच्च मा.वि.को आर्थिक स्थिति पारदर्शि देखियो भने मनोहर उच्च मा.वि.मा आर्थिक पारदर्शिता नभएको गुनासो शिक्षक तथा अभिभावकमा रहेको पाइयो ।

मनोहर उच्च मा.वि.को हालमा देखिएको न्यून शैक्षिक गुणस्तर हुनुमा प्रमुख तत्व आर्थिक स्रोतको प्रभावकारी परिचालनको अभाव देखिन्छ भने उक्त आर्थिक पक्षले समग्र शैक्षिक उपलब्धिमा नै हलचल ल्याएको देखिन्छ ।

शिक्षाका प्राथमिक सरोकारवालाहरु शैक्षिक योजना तर्जुमा देखी योजना कार्यान्वयन र उपभोगसम्म प्रत्यक्ष संलग्न गराई समताका आधारमा समाजका हरेक व्यत्तिलाई शैक्षिक लाभको भागीदार बनाउन शैक्षिक विकेन्द्रिकरण प्रभावकारी हुने पाइयो ।

यस अध्ययन छनौटमा परेका विद्यालयहरुको व्यवस्थापन पनि विकेन्द्रिकरण सिद्धान्तबाट प्रभावित भई संचालन भएको पाइयो तर वित्तीय स्रोत परिचालनको आन्तरीक पक्ष त्यती सन्तोषजनक पाइएन । वाहिरबाट हेर्दा एस.एल.सी नतिजालाई नै आधार मान्दा उच्च शैक्षिक व्यवस्थापन रहेको पाइयो ।

विद्यालय कक्षाकोठामा प्रविधि (कम्प्युटर) लाई प्रयोग गरेको पाइयो ।

शिक्षामा दिगोविकास तथा पर निर्भरता हटाउनको लागि आफैमा धानिन सक्ने स्रोतहरुको पहिचान गरी लगानी सभ्फेदारी गर्ने अवधारणा स्थानिय स्तर सम्म पुऱ्याउने निति ल्याउनु पर्दछ ।

## ५.२. निष्कर्ष

यो अध्ययन काठमाण्डौ माहानगरपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुमध्ये मनोहर स्रोतकेन्द्रद्वारा सञ्चालित श्री तिलिङ्गाटार उच्च मा.वि धापासी, श्री मनोहर उच्च मा.वि गोंगवु र श्री वौडेश्वर उच्च मा.वि भ्फोरमहाँकाल को विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनले पारेको प्रभाव विषयमा आधारीत भई गरिएको छ । नेपालका सामुदायिक विद्यालयको प्रमुख वित्तीय स्रोतहरुमा सरकारी अनुदान नै रहेको छ । वैदेशिक परियोजना र स्थानीय विकास मन्त्रालयले भौतिक निमार्ण तथा जनाजाती, महिला, दलित, पिछडिएका वर्ग, गरीब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रावृत्ति तथा शिक्षा प्रदान गर्न सहयोग गर्दछन् । नेपाल सरकार,

नगरपालिका, जिल्ला विकास समिति, गा.वि.स, उच्च माध्यमिक परिषद, राष्ट्रिय तथा अन्तराष्ट्रि गैर सरकारी संस्थाहरु, स्थानिय समुदाय र अभिभावकहरु विद्यालयका लगानीकर्ताहरु हुन् । यसरी गरिएको लगानी नै विद्यालयको प्रमुख वित्तीय स्रोतहरु हुन् । विद्यालय व्यवस्थापनलाई प्रभावकारी रुपमा सञ्चालनको लागि भौतिक पूर्वाधार निमार्ण गर्न, शैक्षिक स्रोत साधन विकास गर्न, मानविय सम्बन्ध विकास गर्नको लागि वित्तीय स्रोतहरुको पहिचान गरी प्रभावकारी रुपमा परिचालन गर्नुपर्दछ । विद्यालयमा प्राप्त भएका सिमित वित्तीय स्रोतहरुलाई अल्पकालिन तथा दिर्घकालिन योजना बनाएर अधिकतम् लाभ प्राप्त हुने गरी बजेट बाँडफाड गर्नु पर्दछ ।

आय व्ययको विवरण चुस्त र दुरुस्त राखी भौतिक तथा शैक्षिक विकासका लागि योजना अनुसार आम्दानी र खर्चको बिचमा तालमेल मिलाएर वित्तीय स्रोतको परिचालन प्रभावकारी रुपमा कार्यन्वयन गरेमा विद्यालय व्यवस्थापन प्रभावकारी हुनुको साथै विद्यालयले उच्च शैक्षिक उपलब्धि प्राप्त गर्न सक्दछ । विद्यालय व्यवस्थापनको सम्पूर्ण पक्षको प्रभावकारीता वित्तीय स्रोत परिचालन र कार्यान्वयनले निर्धारण गर्ने निश्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

## ५.३. सुझाव

माथि उल्लेखित प्राप्ति र निश्कर्षको आधारमा सम्बन्धित पक्षहरुलाई निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

क) विद्यालयले योजना निमार्ण गर्दा उपलब्ध स्रोत र साधनलाई अधिकतम् उपलब्धि हासिल हुने ढंगले परिचालन र कार्यान्वयन गरी लगानी र खर्चको अनुगमन र मुल्याङ्कन गर्नु पर्दछ । जसले गर्दा विद्यालय व्यवस्थापन र शैक्षिक व्यवस्थापन प्रभावकारी र उपलब्धि मुलक हुन्छ ।

ख) विद्यालय सुधार योजना कार्यक्रम र बजेट विचमा सन्तुलन कायम गरी कार्यक्रमको प्राथमिकता अनुसार निमार्ण गर्नुपर्ने देखिन्छ । विद्यालय सुधार गर्न प्रति विद्यार्थी इकाई दरका आधारमा विद्यालयलाई एकमुष्ठ अनुदान कति उपलब्ध गर्नु पर्ने त्यसको एकिन विद्यालय व्यवस्थापन समिति र प्र.अ. ले गर्नु पर्दछ ।

ग) विद्यालयको दिगो भौतिक र शैक्षिक विकाशको लागि नेपाल सरकार बाट प्राप्त अनुदानले नपुग्ने भएमा विद्यालयको वित्तीय स्थिति लाई मजबुत बनाउनको लागि विद्यालय व्यवस्थापन समिति र प्र.अ.ले नेपाल सरकार, स्थानिय निकाय र शैक्षिक क्षेत्रमा लगानी गर्न ईच्छुक सरकारी तथा गैरसरकारी निकाय र संघ संस्थाहरुसँग हारगुहार माग्नु पर्ने देखिन्छ । साथै समुदायमा आर्थिक रुपले सम्पन्न व्यक्तिहरु लाई चन्दा सहयोग गर्न प्रोत्साहन गर्नु पर्दछ । यसरी संकलित वित्तीय स्रोतको बाँडफाँड योजना अनुसार गरी कार्यान्वयन ल्याउन सकेमा विद्यालय व्यवस्थापन बढि प्रभावकारी हुन्छ ।

घ) विद्यालयहरुले विद्यालय व्यवस्थापक शिक्षक तथा कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न तालिमको लागि बजेट छुट्याई मागमा आधारीत तालिम दिई आधारभुत सिकाई सामग्री र बुक कर्नरको व्यवस्था गर्नु पर्दछ । यसबाट प्रभावकारी व्यवस्थापन र उच्च शैक्षिक उपलब्धि प्राप्त गर्न मद्दत मिल्दछ ।

ङ) मनोहर उच्च मा.वि. र बौडेश्वर उच्च मा.वि.ले पनि पत्रपत्रिका शिर्षममा बजेट छुट्याई दैनिक पत्र पत्रिका ल्याउनु पर्ने देखिन्छ । पत्रपत्रिकाको अध्ययनले शिक्षक तथा विद्यार्थीहरु समसामायिक घटना सँग सुसूचित हुनुको साथै स्व अध्ययन क्षमताको वृद्धि गरी उच्च शैक्षिक उपलब्धि प्राप्त गर्न गद्दत गर्दछ ।

च) विद्यालयको वित्तीय प्रणालीलाई समस्या मुक्त बनाउनको लागि सरकारले आफ्नो दायित्व र प्राथमिकताको आधारमा सामाजिक समानताका लागि शिक्षा सर्वशुलभ बनाउनुको साथै प्राथमि शिक्षा पूर्णत निःशुल्क बनाउनु पर्दछ ।

छ) सरकारले शिक्षामा भएको लगानीलाई पूर्णतया लगानी प्रकृया र उत्पादनको रुपमा हेरिनु पर्दछ । किनभने शैक्षिक लगानीको प्रतिफल तुरुन्त प्राप्त नभए तापनि भविष्यमा प्राप्त हुन्छ । औपचारीक भन्दा अनौपचारीक शिक्षामा जोड दिनु पर्दछ । किन भने अनौपचारीक शिक्षाको व्यय भार औपचारीक शिक्षाको भन्दा निकै कम हुन्छ ।

ज) अभिभावकहरुले विद्यालय शिक्षामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लगानी गरेका हुन्छन् । त्यसैले आफ्नो बालबालिका पढ्ने विद्यालय आर्थिक स्थिति कस्तो छ ? र कहाँ कसरी खर्च भै रहेको छ ? भन्ने जानकारी लिनु पर्दछ । साथै आफुले गर्न सक्ने चन्दा दान वा श्रम दान गरी विद्यालयको वित्तिय स्थिति सुधारमा सक्दो योगदान पुऱ्याउनु पर्दछ ।

झ) मनोहर उच्च मा.वि.ले भौतिक पूर्वाधार विकास र शैक्षिक गुणस्तर विकासमा बढि बजेट छुट्याउन पर्ने देखिन्छ । साथै विद्यालयको जिर्ण भौतिक संरचनाको मर्मत संभार गरी कक्षाकोठाामा झ्याल ढोका र भऱ्याङ्गमा रेलिङ्ग तुरुन्त राख्नु पर्ने देखिन्छ ।

ञ) विद्यालय व्यवस्थापन पक्षले विद्यार्थी अनुपातमा विद्यालय भवन, कक्षाकोठाको निमार्ण, फर्निचरको व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्था, अतिरिक्त क्रियाकलापको लागि अतिरिक्त क्रियाकलाप कक्ष, खेलकुदको लागि खेलसामग्री र खेलमैदानको व्यवस्था, विषयगत रुपमा प्रयोगशाला र सामग्रीको व्यवस्था गरी शिक्षक, विद्यार्थी र अभिभावकको विचमा सुमधुर मावन सम्बन्ध स्थापित गरेमा विद्यालयले उल्लेख सफलता प्राप्त गर्न सक्दछ ।

ट) विद्यालय व्यवस्थापनलाई व्यवीस्थत बनाई सञ्चालन गर्न र शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि विद्यालय व्यवस्थापन समिति, प्र.अ., शिक्षक कर्मचारी, विद्यार्थी, अभिभावक, स्थानिय निकाय र सरकार सबै पक्षले आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्नु पर्दछ ।

वित्तीय स्रोतहरुको सहि सदुपयोग भए नभएको मुल्याङ्कन सम्बन्धित विद्यालयका प्र.अ, लेखापाल र वि.व्य.स ले गर्नु पर्ने देखिन्छ ।

**थप अनुसन्धानका लागि सिफारिसहरु :**

विद्यालय व्यवस्थापन र वित्तीय स्रोत सँग सम्बन्धित भएर वृहत अध्ययन निम्न विशिष्ट क्षेत्रभित्र रहेर गर्न पनि सकिन्छ ।

क) वित्तीय स्रोत परिचालनमा विद्यालय व्यवस्थापन समितिको भूमिका ।

ख) सामुदायिक विद्यालयको वित्तीय स्रोत व्यवस्थापन र विकेन्द्रीकरण बीचको सम्बन्ध ।

ग) विद्यालयको शैक्षिक व्यवस्थापन र वित्तीय व्यवस्थापन बिचको सम्बन्ध ।

घ) सामुदायिक एवम् संस्थागत विद्यालयको वित्तीय स्रोत व्यवस्थापनको तुलनात्मक अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, विनोदकुमार, (२०६४), **संस्थागत तथा सामुदायिक विद्यालय तुलनात्मक अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षा शास्त्र संकाय , सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

अधिकारी, गोबिन्द र अन्य (२०६१), **अध्यापन अनुमतिपत्र दर्पण माध्यमिक तह**, काण्माडौ; विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६२), **माध्यमिक तह अध्यापन अनुमतिपत्र, परीक्षा दर्पण,** काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) **उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन**, काठमाण्डौ : उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग ।

काफ्ले, बासुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा रामस्वरुप (२०६२), **शैक्षिक प्रशासन र सुपरिवेक्षक,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), **शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६६), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौ : न्यू हिरा बुक्स इन्टरप्राईजेज ।

खनाल, मुकुन्दमणी र आचार्य, सुशन (२०६३),**शिक्षाको वित्तिय अर्थशास्त्र**, काठमाण्डौ : मकालु प्रकाशन गृह ।

गौतम, सुर्यप्रसाद र बराल देवकुमार (२०६०), **शिक्षक अध्यापन अनुमति पत्र दिग्दर्शन**, काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेशनर्स ।

पौडेल, लेखनाथ (२०६४), **शिक्षण पद्धति**, काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

**पुस्तकालय आवाज** (२०६५/२०६६), केन्द्रिय पुस्तकालय, काठमाण्डौ ।

**तीन वर्षे अन्तरिम योजना** (२०६४-२०६६), काठमाण्डौ : राष्ट्रिय योजना आयोग ।

थापा, विजयकुमार र अन्य (२०५८), **व्यवस्थापन सूचना प्रणाली र मानव संसाधन व्यवस्थापन,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

**नव सन्देश (२०६७),** श्री तिलिङ्गाटार उच्च मा.वि, काठमाण्डौ : धापासी ।

**राष्ट्रिय योजना आयोग** (२०५९), दशौ योजना (२०५९-२०६४) काठमाण्डौ : राष्ट्रिय योजना आयोग ।

राम, बहादुर (२०६५), **सामुदायिक विद्यालयको आर्थिक स्थितिले शैक्षिक व्यवस्थापनमा पारेको प्रभाव**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन ।

वाग्ले, मनप्रसाद र ढकाल, माधवप्रसाद (२०५६), **शिक्षाको प्रारम्भिक परिचय,** काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

**विद्यालय सुधार योजना** (२०६४), मनोहर स्रोतकेन्द्र, काठमाण्डौ ।

**स्वर्णभूमी (२०६७),** श्री वौडेश्वर उच्च मा.वि, भोरमहाँकाल, काठमाण्डौ ।

वी.सी,भरत विक्रम (२०४९), **काठमाण्डौ, जिल्लाका मा.वि हरुमा शिक्षण सिकाई कियाकलाप प्रभावकारी बनाउन व्यवस्थापन र निरिक्षणको योगदान,** अप्रकाशित स्नातकोत्तर शोधपत्र महेन्द्ररत्न क्याम्पस, काठमाण्डौ : ।

शर्मा, कुवेरनाथ (२०५७), **शिक्षाको दर्शनशास्त्रीय एवम् समाजशास्त्रीय आधार,** काठमाण्डौ : उत्सव एण्ड स्टेशर्नस ।

शर्मा, कुवेरनाथ (२०६४), **शिक्षणशास्त्र,** काठमाण्डौ : नेपाल रत्न पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०५७) **नेपालको शैक्षिक इतिहास,** शिक्षण विभाग, काठमाण्डौ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०५८), **शिक्षाका आधारहरु,** काठमाण्डौ : एम.के. पब्लिसर्स ।

शर्मा जयकृष्ण (२०६३), **सामुदायिक एवम् संस्थागत विद्यालयको शैक्षिक व्यवस्थापनमा सारोकारवालाको सहभागिता एक तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.वि सप्तगण्डकी, बहुमुखी क्याम्पस, चितवन ।

**शिक्षा ऐन** (२०२८), नवीनतम संशोधन (२०६३), काठमाण्डौ : बौद्धिक दर्पण प्रकाशन ।

**शिक्षा नियमावली** २०५९, तेस्रो शंशोधन २०६२, काठमाण्डौ : वौद्धिक दर्पण प्रकाशन ।

**शैक्षिक समाचार** (२०६४), भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

सिप्रेक (२०६४), **समुदायद्वारा विद्यालय व्यवस्थापन,** काठमाण्डौ : नितिगत अनुसन्धान परामर्श केन्द्र ।

**सुचना संगालो** (२०६१), शिक्षा दिवस विशेषाङ्ग : शिक्षा विभाग ।

Consolidated Report (2063). **School Level Education Statistics of Nepal,** Bhaktapur: Department of Education

Khanal, M.M (2003), **Community Participation in Public School Finance :** A case of public secondary schools of Ratnanagar Municipality, Chitwan district, unpublished M.Phil dissertation, Kathmandu University.

Lohani, S.R. (2001), **Education financing in Nepal**, Financing educational institutions or education of students? Journal on Distance Education, 41-52.

# विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव

## अनूसूची १

### विद्यालय व्यवस्थापन समितिको अध्यक्षको लागि प्रश्नावली

नाम : उमेर :

विद्यालयको नाम : लिङ्ग :

शैक्षिक योग्यता: हस्ताक्षर

१) विद्यालय व्यवस्थापनमा कुन पक्ष सबैभन्दा बढी महत्वपूर्ण हुन्छ ?

………………………………………………………………………………………………

२) विद्यालय व्यवस्थापनको लागि वित्तीय स्रोत परिचालन किन आवश्यक छ ?

………………………………………………………………………………………………

३) वित्तीय स्रोत परिचालन प्रभावकारी नभएमा विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव पर्ला ? किन ?

………………………………………………………………………………………………

४) विद्यालय व्यवस्थापनको लागि चाहिने वित्तीय स्रोत कसरी जुटाउने गर्नु भएको छ ?

………………………………………………………………………………………………

५) विद्यालयको वित्तीय स्रोत कुन कुन शिर्षकमा खर्च गरिएको छ ?

………………………………………………………………………………………………

६) विद्यालयद्वारा विद्यार्थीहरुलाई प्रदान गरिने छात्रावृत्तिले वित्तीय स्रोतलाई कस्तो प्रभाव पारेको छ ?

………………………………………………………………………………………………

७) तपाईको विचारमा विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको लागि कुन पक्ष बढी जिम्मेवारी हुन्छ ?

………………………………………………………………………………………………

८) विद्यालय व्यवस्थापनलाई कसरी बढी प्रभावकारी बनाउन सकिएला ?

………………………………………………………………………………………………

९) विद्यालयको कम कारवाहिको सामाजिक परीक्षण कसरी गर्ने गरिएको छ ?

………………………………………………………………………………………………

# विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव

## अनूसूची २

### प्रधानाध्यापकको लागि प्रश्नावली

नाम : उमेर :

विद्यालयको नाम : लिङ्ग :

शैक्षिक योग्यता: हस्ताक्षर

१) प्रधानाध्यापक स्वयं एउटा व्यवस्थापक हो भन्ने कुरालाई कसरी स्पष्ट पार्नु हुन्छ ?

.........................................................................................

२) यस विद्यालयको आर्थिक अवस्था कस्तो रहेको पाउनु भएको छ ?

...................................................................................................

३) विद्यालय व्यवस्थापन आर्थिक पक्षको भूमिका कस्तो रहेको हुन्छ ?

...................................................................................................

४) विद्यालय संचालनको लागि वित्तीय स्रोतको मुख्य आधार के पाउनु भएको छ ?

...................................................................................................

५) विद्यालयको आन्तरीक र बाह्य वित्तीय स्रोतहरु के के हुन सक्छन् ?

...................................................................................................

६) विद्यालय सञ्चालनको लागि वित्तीय स्रोत कुन कुन शिर्षकमा खर्च गर्ने गरिएको छ ?

...................................................................................................

७) विद्यालयको आय व्ययको विवरण कस्तो रहेको पाउनु भएको छ ?

...................................................................................................

८) वित्तीय स्रोत परिचालनमा के कस्ता समस्याहरु देखिएका छन् ?

...................................................................................................

९) वित्तीय स्रोत परिचालनमा देखिएका समस्याहरुलाई कसरी सामाधान गर्न सकिएला ?

...................................................................................................

१०)विद्यालय द्वारा विद्यार्थीहरुलाई प्रदान गरिने छात्रावृत्तिले वित्तीय स्रोतलाई के कस्तो प्रभाव पारेको छ ?

...................................................................................................

११) विद्यालयको वित्तीय अवस्था सुधारका लागि के कस्तो योजना बनाउनु भएको छ ?

.........................................................................................................

१२) विद्यालयको आर्थिक अवस्था सुधारको लागि प्रधानाध्यापले खेल्न सक्ने भुमिका कस्तो होला ?

.........................................................................................................

१३) वित्तीय स्थिती कमजोर भएमा शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पर्ला ? किन ?

.........................................................................................................

## विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव

## अनूसूची ३

### विद्यालय लेखापालको लागि प्रश्नावली

नाम : उमेर :

विद्यालयको नाम : लिङ्ग :

शैक्षिक योग्यता: हस्ताक्षर

१) विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनले कस्तो प्रभाव पारेको पाउनु भएको छ ?

.................................................................................................................

२) यस विद्यालयको आर्थिक अवस्था कस्तो रहेको पाउनु भएको छ ?

.................................................................................................................

३) विद्यालय कोषको हिसाब किताब कस्ले कसरी राख्ने गर्नु भएको छ ?

.................................................................................................................

४) विद्यालयको प्रमुख वित्तीय स्रोतहरुको आधार के लाई मान्नु हुन्छ ?

.................................................................................................................

५) वित्तीय स्रोतहरुलाई कुन कु न शिर्षकमा खर्च गर्ने गरिएको छ ?

.................................................................................................................

६) विद्यालयको वित्तीय स्रोत परिचालनलाई कसरी प्रभावकारी बनाउन सकिएला ?

.................................................................................................................

७) विद्यालयको वित्तीय स्रोत सुधारको लागि के कस्तो भूमिका निर्वाह गर्न सक्नुहुन्छ ?

.................................................................................................................

८) विद्यालयले विद्यार्थीहरुलाई के कस्तो छात्रावृत्ति सुविधा प्रदान गरको छ ?

.................................................................................................................

९) विद्यालयका प्रमुख वित्तीय समस्याहरु के कै देख्नु भएको छ ?

.................................................................................................................

१०)विद्यालयका प्रमुख वित्तीइ समस्याहरु के के देख्नु भएको छ ?

.................................................................................................................

११) वित्तीय समस्याहरुलाई कसरी सामाधान गर्न सकिएला ?

.................................................................................................................

# अनूसूची ४

## विद्यालय व्यवस्थापन समितिको नामावली

| तिललिङ्गाटार उ.मा.वि | मनोहर उच्च मा.वि | बौडेश्वर उच्च मा.वि |
|---|---|---|
| अध्यक्ष श्री शंकर गिरी | अध्यक्ष श्री डिल्ली राम भट्टराई | अध्यक्ष श्री हरिहर अधिकारी |
| सदस्य श्री दिवाकर प्रसाद दाहाल | सदस्य श्री जनकराज थपलिया | सदस्य श्रीमति मीना सापकोटा |
| " श्री भूपाल प्रसाद गौतम | " श्रीमती माया भुजेल | " श्री पंचकाजि श्रेष्ठ |
| " श्री शिव ओम पुडाशैनी | " श्रीमती सुभद्रा वाग्ले | " श्री रमेश अधिकारी |
| " श्री श्याम काजि तिमिल्सिना | " श्री बाबुराम महर्जन | " श्री भाईलाल महर्जन |
| " श्री महेश्वर पौडेल | " श्री रामेश्वर कुईकेल | " श्री बासुदेव अधिकारी |
| " श्री भोला विक्रम थापा | " श्री बच्चुराम वस्याल | " श्री प्रेमनाथ दाहाल |
| " श्री झंक नाथ वराल | " श्रीमति कमला पौडेल | " श्री वडा प्रतिनिधी |
| " श्रीमती दुर्गा पौडेल | सदस्य सचिव श्रीमति नर्मदेश्वरी सत्याल | सदस्य सचिव श्री उत्तमप्रसाद अधिकारी |
| सदस्य सचिव श्री सरोज कुमार पाण्डे | | |

# विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव

## अनूसूची ५

### विद्यालयको आय स्रोत विवरण (आ.व २०६५/०६६)

| सि.न. | आयको स्रोतहरु | तिलिङ्गाटार उ.मा.वि | मनोहर उ.मा.वि | वौडेश्वर उ.मा.वि |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | | ८,२५,७४१।८२ (१७.०२) | |
| २ | बैंक मौज्दात | १२,११,२९७।७० (१२.१६) | १,५१,४७५।३४ (३.१२) | |
| ३ | जि.शि. कार्यालय बाट अनुदान | २६,०९,२११।७५ (२६.२) | २९,६६,८०५।६० (६१.१५) | २२,९३,९२८।- (६०.०९) |
| ४ | उ.मा.वि. परिषदबाट अनुदान | ६,९३,४९६।- (६.९६) | | |
| ५ | जि.वि.स बाट अनुदान | १,८५,६८७।- (१.८६) | | २,४६,२५०।- (६.४५) |
| ६ | गा.वि.स.बाट अनुदान | | ५,४५,०००।- (११.२३) | २,००,०००।- (५.२३) |
| ७ | विद्यार्थी भर्ना शुल्क | ४४,२७,८५३।- (४४.७४) | १,२६,३५५।- (२.६) | ६,४४,२६०।- (१६.८६) |
| ८ | छात्रवृत्ति अनुदान | ६४,९००।- (०.६५) | | |
| ९ | बैंक व्याज | २५,६९९।- (०.२५) | ७६,३५७।- (१.५७) | १३,००१।- (०.३४) |
| १० | घरभाडा | १,२४,४७७।- (१.२५) | ५०,०००।- (१.०३) | |
| ११ | बीमा | ३,२००।- (०.०३) | २,४०००।- (०.४९) | |

| | | | | |
|---|---|---|---|---|
| १२ | पुस्तक, कापी तथा टाई बेल्ट | ३९,९२०।-<br>(०.४) | | |
| १३ | विज्ञापन | ७,०६५।-<br>(०.०७) | | |
| १४ | एस.एल.सी पुरस्कार | १,००,०००।-<br>(१.००) | | |
| १५ | संघ संस्थाबाट आर्थिक सहयोग संकलन | | | ३,९२,८२७।-<br>(१०.२९) |
| १६ | प्रशासनिक अनुदान | | २१,०००।-<br>(०.४३) | |
| १७ | मसलन्द अनुदान | | ५,०००।-<br>(०.१) | |
| १८ | स्रोत व्यक्ति फिल्ड भत्ता | | ७,२००।-<br>(०.१४) | |
| १९ | विद्यालय स्तरीकरण | | १३,९०२।-<br>(०.२८) | |
| २० | परीक्षा शुल्क | | ६०,२३५।-<br>(१.२४) | |
| २१ | पुस्तकालय धरौटी | | | २२,५००।-<br>(०.५८) |
| २२ | विविध | ४,६४,०६५।-<br>(४.६६) | | ४,७००।-<br>(०.१२) |
| | जम्मा | ९९,५६,८७१।४५ | ४८,५१,४७१।७६ | ३८,१७,४६६।- |

(कोष्ठको अंकले प्रतिशत जनाउँदछ)        स्रोत : विद्यालयको आर्थिक प्रतिवेदन २०६५/२०६६

# विद्यालय व्यवस्थापनमा वित्तीय स्रोत परिचालनको प्रभाव

## अनूसूची ६

### विद्यालयको खर्चको विवरण (२०६५/२०६६)

| सि.न. | खर्चको शिर्षक | तिलिङ्गाटार उ.मा.वि | मनोहर उ.मा.वि | वौडेश्वर उ.मा.वि |
|---|---|---|---|---|
| १ | तलब भत्ता (संचयकोष सहित) | ६०,६१,८४३।६० (६०.८८) | ३८,८०,९०४।८० (७२.४५) | २३,३७,४९५।२० (८४.३१) |
| २ | परीक्षा खर्च | ४,४५,४५४ (४.४७) | ५४,६४२२।- (१.०२) | ४३,८८९।५० (१.५८) |
| ३ | मसलन्द तथा छपाई | ७०,७१२ (०.७१) | ५६,८३९।- (१.०६) | २३,१७२।- (०.८३) |
| ४ | टेलिफोन महसुल | | १९,०७७।- (०.३५) | २१,२७०।- (०.७६) |
| ५ | विद्युत तथा पानी महशुल | १,४२,८९८।०७ (१.४२) | ४,०००।- (०.०७) | २१,९०२।- (०.७९) |
| ६ | शैक्षिक सामाग्री | ७,३६८।- (०.०७) | १५,०००।- (०.२८) | ५६१।५० (०.०२) |
| ७ | पाठ्य पुस्तक | ६६,२५८।९२ (०.६६) | ७६,८७१।- (१.४३) | २६,१९९।२० (०.९४) |
| ८ | छात्रवृत्ति | ८१,४०४।- (०.८१) | | ६४,९००।- (२.३४) |
| ९ | वैठक समारोह | | | १५,५९४।- (०.५६) |
| १० | अतिरिक्त क्रियाकलाप | १,२५,१८३।- | | २,८३४।- |

| | | | | |
|---|---|---|---|---|
| | | (१.२५) | | (०.१) |
| ११ | निमार्ण तथा मर्मत संभार | १,७६,९६८।-<br>(१.७७) | १,२०,७६८।-<br>(२.२५) | १८,००४।-<br>(०.६४) |
| १२ | आर्थिक सहायता | | | ४,६३२।-<br>(०.१६) |
| १३ | विविध | ५९,५९५।-<br>(०.५९) | ७,७५९।-<br>(०.१४) | २,७१९।-<br>(०.०९) |
| १४ | विमा | ३९,७५०<br>(०.३९) | २,४००।-<br>(०.०४) | |
| १५ | लेखा परिक्षण शुल्क | १९,९५०।-<br>(०.२) | | ५,०००।-<br>(०.१८) |
| १६ | बैंक चार्ज | | | ५,०००।-<br>(०.१८) |
| १७ | कार्यक्रम, वार्षिक उत्सव तथा पुरस्कार | १,४९,११६<br>(१.४९) | २,७०१।-<br>(०.०४) | २१,२३६।-<br>(०.७६) |
| १८ | खाजा तथा अतिथि खर्च | १,२०,८१९।४७<br>(१.२१) | ३१,४६४।-<br>(०.५८) | |
| १९ | पत्रपत्रिका र औषधी उपचार | १२,७००।-<br>(१.१२) | | |
| २० | नवसन्देश स्मारिका र क्यालेण्डर प्रकासन | ७४,९९३।-<br>(०.७५) | | |
| २१ | विज्ञान प्रयोगशाला सामग्री | ३९,१६५।-<br>(०.३९) | | |
| २२ | ज्याला तथा ढुवानी र क्षमा पूजा | ११,३३८।-<br>(०.११) | | |
| २३ | केबुल तथा वेभसाईट खर्च | १६,३४०।- | ९,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | | (०.१६) | (०.०१) | |
| २४ | शैक्षिक भ्रमण कार्याशाला गोष्ठि र सानीटशेन | ७६,७४२।-<br>(०.७७) | | |
| २५ | भौतिक सम्पत्ति खरिद | ७,८२,६६५।७२<br>(७.८६) | | |
| २६ | पेश्कि बाँकी | ५८,४५५।८०<br>(०.५८) | | |
| २७ | अन्तिम बैंक मौज्दात | १३,१७,२३१।६७<br>(१३.२२) | ९,७८,२५२।-<br>(१८.२६) | १,५७,७९२।९८<br>(५.६९) |
| २८ | खाता खोल्न पेश्की | | १३,५००।-<br>(०.२५) | |
| २९ | बैंक कमिसन कर | | ५८५।-<br>(०.०१) | |
| ३० | बैंकमा जम्मा | | ३७,८५७।-<br>(०.७) | |
| ३१ | पर्निचर निमार्ण | | | |
| ३२ | चियापन स्टाफ | | | |
| ३३ | खेलकुद तथा टाई बेल्ट | | २५,११९।-<br>(०.४६) | |
| ३४ | कार्यालय सम्बन्धि | | १९,२५०।-<br>(०.३५) | |
| | जम्मा | ९९,५६,९५१।२५ | ५३,५५,९८८।०८ | २७,७२,२०१।३८ |

(कोष्ठको अंकले प्रतिशत जनाउँदछ) स्रोत : विद्यालयको आर्थिक प्रतिवेदन २०६५/२०६६